सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१६ चैत २०८१, शनिबार (29 Mar 2025, Saturday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक ३४२ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

हिंसात्मक बन्यो राजावादी आन्दोलन

दुई युवाले अनाहकमा गुमाए ज्यान, ठाउँठाउँमा आगजनी र लुटपाट



सुरेश रजक

आन्दोलनको भिडियो खिचिरहेकै भवनमा प्रदर्शनकारीले आगो लगाएपछि पत्रकार सुरेश रजकको मृत्यु, प्रहरीको गोलीबाट कीर्तिपुरका सविन महर्जनले गुमाए ज्यान

निसानामा पत्रकार र सञ्चारगृह

राजावादी प्रदर्शनकारीको निसानामा पत्रकार र सञ्चारगृह पनि परेका छन्। एभिन्युजका पत्रकार सुरेश रजकले ज्यान नै गुमाए। प्रहरीको हतियार खोसेका प्रदर्शनकारीको तस्बिर खिचेका अनलाइन खबरका पत्रकार दिनेश गौतममाथि कुटपिट गर्दै खुट्टा भाँचियो। फोटोपत्रकार राजु थापा घाइते भए। तीनकुनेस्थित कान्तिपुर टिभीको कार्यालयमा तोडफोड गरिएको छ। हिमालय टेलिभिजनको गाडी फुटाइयो। अन्नपूर्ण पोस्ट रहेको भवनमा तोडफोड र आगजनी गरियो। नेपाल पत्रकार महासंघले सञ्चार क्षेत्रमाथि भएको आक्रमणको भर्त्सना गर्दै शनिबार माइतीघरमा विरोधसभा गर्ने जनाएको छ।

मानव अधिकार आयोगले भन्यो- **हिंसात्मक गतिविधि बन्द गर**



प्रदर्शनकारीले तोडफोड र आगजनी गरेको तीनकुनेस्थित व्यापारिक भवन
तस्बिरहरू : **ज्ञानेन्द्र कार्की, अमुल थापा, संजित परियार**/नयाँ पत्रिका



तीनकुनेमा भएको झडप



जडीबुटी उत्पादन तथा प्रशोधन कार्यालय र परिसरमा पार्किङ गरेको झन्डै एक दर्जन गाडीमा आगजनी गरेका छन्

दलहरूले गरे भर्त्सना

प्रतिगामी तत्त्वहरूले अराजकता सिर्जना गरे : समाजवादी मोर्चा



समाजवादी मोर्चाले विज्ञप्तिमार्फत भनेको छ- पुनरुत्थानवादी र उच्छृंखल प्रतिगामी तत्त्वहरूले अराजकता सिर्जना गर्दै दलको कार्यालय, निजी तथा सार्वजनिक सम्पत्ति र सञ्चारगृहमा समेत तोडफोड तथा आगजानी गर्ने उच्छृंखल र अराजक कार्यको भर्त्सना गर्दछौं। यस कार्यमा संलग्न आपराधिक र आततायी तत्त्वलाई यथाशीघ्र कानुनी दायरामा ल्याई कडाभन्दा कडा कारबाही गर्न र नागरिकको धनजनको सुरक्षा गर्न सरकारसँग जोडदार माग गर्दछौं।

हिंसा भड्काउने र हिंसामा सामेल हुनेहरूलाई कारबाही गर्न कांग्रेसको माग



महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले शुक्रबार जारी विज्ञप्तिमा भनिएको छ- लोकतन्त्रको विकल्प अझ समुन्नत लोकतन्त्र हो, कुनै पनि प्रकृतिको राजतन्त्र एक्काइसौं शताब्दीको सचेत नेपालीका लागि विकल्प किमार्थ हुन सक्दैन। नेपाली कांग्रेस सबै राजनीतिक दललाई यसमा स्पष्ट ढंगले उभिन अपिलसमेत गर्दछ। आज हिंसा भड्काउने र हिंसामा सामेल हुने व्यक्तिहरूलाई कडा कानुनी कारबाहीको दायरामा ल्याउन आग्रह गर्दछौं।

देशलाई अराजकतातिर धकेल्ने आपराधिक क्रियाकलाप निन्दनीय : एमाले



महासचिव शंकर पोखरेलले वक्तव्यमार्फत भनेका छन्- राजावादीहरूको अराजक समूहले देखाएको उद्दण्डता, अराजकता र हिंसाको एमाले घोर भर्त्सना गर्दछ। शान्तिपूर्ण प्रदर्शनका नाममा सुरक्षा घेरा तोड्ने, सुरक्षाकर्मीमाथि आक्रमण गर्दै हतियार खोस्ने, नागरिकका घर, व्यावसायिक र सरकारी भवन, सञ्चारगृह, दलका कार्यालयमाथि आगजनी, लुटपाट गर्ने तथा लोकतान्त्रिक प्रणालीलाई बिथोलेर अराजकतातिर धकेल्ने आपराधिक क्रियाकलाप निन्दनीय छन्। यस्ता क्रियाकलापमा संलग्नहरूलाई तत्काल कानुनी दायरामा ल्याउन माग गर्दछौं।'

राजावादीबाट भएको अराजक गतिविधि अक्षम्य र भर्त्सनायोग्य : रास्वपा



कार्यवाहक प्रवक्ता मनीष झाले विज्ञप्तिमार्फत भनेका छन्- पूर्वराजा पक्षधरहरूबाट आज भएको अराजकता, मानवीय क्षति, निजी तथा सार्वजनिक सम्पत्तिमाथिको हमला, लुटपाट तथा आगजनीजस्ता अक्षम्य गतिविधिहरूको भर्त्सना गर्दछौं। आजको घटना भड्काउने र जनधनको क्षति गराउनेहरूलाई हदैसम्मको कारबाहीको माग गर्दै आगामी दिनमा आन्दोलनरत पक्षलाई शान्तिपूर्ण रूपमा प्रस्तुत हुन सचेत गराउँछौं। विषम परिस्थितिमा सरकारको असंवेदनशील अक्षमताको पूर्ण जिम्मेवारी गृहमन्त्रीले नै लिनुपर्छ भन्ने हाम्रो ठहर हो।

■ सुरक्षा घेरा तोड्न उक्साएर आन्दोलन अराजक बनाउने

प्रसाईं फरार, मिश्र र राणा पक्राउ



दुर्गा प्रसाईं



रवीन्द्र मिश्र



धवलशमशेर राणा

प्रदर्शनकारीलाई उक्साएर आन्दोलन हिंसात्मक बनाएको आरोपमा राप्रपा वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र, महामन्त्री धवलशमशेर राणा पक्राउ परेका छन्। उनीहरूलाई घरबाटै पक्राउ गरिएको उपत्यका अपराध अनुसन्धान कार्यालयका एसएसपी रमेश बस्नेतले बताए। त्यस्तै, आन्दोलनको कमान्डर घोषणा गरिएका व्यवसायी दुर्गा प्रसाईं फरार छन्। तर, राति अबेरसम्म उनले सामाजिक सञ्जालमा भने अपडेट गरिरहेका छन्। राजसंस्था पुनर्स्थापनाका लागि गठन गरिएको संयुक्त जनआन्दोलन समितिका संयोजक नवराज सुवेदी वृद्ध भएका कारण घरमै नजरबन्दमा राखिएको छ। समितिका प्रवक्ता स्वागत नेपाललाई पनि पुतलीसडकबाट पक्राउ गरिएको छ। तोडफोड र आगजनीमा संलग्न प्रदर्शनकारी र नेतासहित शुक्रबार रातिसम्म ५५ जनालाई पक्राउ गरिएको प्रहरीले जनाएको छ।

■ कहाँ चुक्यो सुरक्षा निकाय ?

दुर्गा प्रसाईंसहितका राजावादी नेताहरूको आन्दोलन भड्काउने तयारीबारे सुरक्षा निकायलाई पूर्वसूचना नभएको होइन। उनीहरूको योजना थाहा पाएरै प्रहरीले सुरुमा सकेसम्म बल प्रयोग नगर्ने नीति बनाएको थियो। गृह मन्त्रालयले नै अन्तिम अवस्थामा मात्र गोली चलाउन निर्देशन दिएको थियो। तर, प्रहरीले बल प्रयोग गर्ने वेलासम्म आन्दोलन यति भड्कियो कि अवस्था नियन्त्रणबाहिर पुग्यो।

निजी घर र व्यावसायिक भवन, दलको कार्यालय, सरकारी र निजी सवारीसाधन मात्र होइन, जडीबुटी उत्पादन तथा प्रशोधन केन्द्रमा प्रर्शनकारीले तोडफोड गर्दै आगो लगाउँदासम्म प्रहरीको उपस्थिति देखिएन। कोटेश्वरस्थित भाटभटेनीमा लुटपाट मच्चिएको थियो। खबर गरेको ४५ मिनेटसम्म प्रहरी नपुगेको त्यहाँका कर्मचारीले बताएका छन्। अवस्था कस्तोसम्म आयो भने कतिपय स्थानमा खटिएका प्रहरी आफैं असुरक्षित महसुस गरिरहेका थिए। कोटेश्वरकै प्रहरी कार्यालयमा तोडफोड हुँदा पनि प्रहरी निरीह देखियो।

रक्षात्मक बन्ने नाममा समयमा बल प्रयोग नगर्दा नै यस्तो अवस्था आएको प्रहरी स्रोत बताउँछ।

'कोही आन्दोलनकारीको मृत्यु भयो भने अवस्था भड्किन सक्छ भनेर गृह मन्त्रालयले बल प्रयोग नगर्न दबाब दिएको थियो,' प्रहरी स्रोत भन्छ, 'त्यसको फाइदा प्रदर्शनकारीले उठाए, यति उग्र भए कि नियन्त्रणमै लिन सकिएन।'

प्रहरीलाई निष्पक्ष रूपमा काम गर्न नदिँदाको परिणाम शुक्रबारको घटना भएको एक पूर्वप्रहरी अधिकारीले बताए। 'विगतमा भिड नियन्त्रणमा बल प्रयोग गर्‍यो भनेर कतिपयलाई कारबाही गरिएको छ,' उनले भने, 'त्यसकारण अहिले बरु देश जलोस्, आफ्नो करिअर जोगाउनेतर्फ प्रहरी अधिकारी लागेको देखिन्छ।' असल नियतले बल प्रयोग गर्दा पनि विगतमा नेतृत्वले संरक्षण नगर्दा प्रहरीको मनोबल खस्किएको छ। पूर्वएआइजी उत्तमराज सुवेदीले स्रोत-साधनको अभावदेखि खस्किएको मनोबलका कारण भिड नियन्त्रणमा प्रहरीको कमजोरी देखिएको बताए।

गृह मन्त्रालयका सहसचिव छवि रिजाललले साँझ गृह मन्त्रालयमा पत्रकार सम्मेलन गरी आन्दोलन हिंसात्मक हुन सक्ने भनेर आकलन गरिएको, तर यस्तो जघन्य किमिसका गतिविधि गर्छन् भनेर अनुमान नगरिएको बताए।

झन्‌नयाँ

हिँडेरै चक्रपथको एक फन्को



● सुवास भट्ट

छोरामा अटिजम देखिएपछि जे भोगें

● यज्ञप्रसाद पराजुली



बालबालिकामा अटिजम देखिनु अपांगता होइन, एक अवस्था मात्र हो, जसलाई चौबिसै घण्टा हेरचाह गर्नुपर्छ

■ दलितको घरमा डोजर प्रकरण

औरही गाउँपालिका अध्यक्ष र पूर्ववडाध्यक्ष धरौटीमा रिहा

लहानमा
मणिलाल विश्वकर्मा



शिवजी यादव



दिलीपकुमार यादव

सिराहामा महायज्ञका नाममा दलितको घरमा डोजर चलाइएको घटनामा पक्राउ परेका औरही गाउँपालिकाका अध्यक्ष शिवजी यादव र पूर्ववडाध्यक्ष दिलीपकुमार यादव शुक्रबार धरौटीमा रिहा भएका छन्। सिराहा जिल्ला अदालतका न्यायाधीश विदुर काफ्लेको शुक्रबारको इजालसले जनही एक लाख धरौटी माग गरेपछि उनीहरू धरौटी रकम बुझाएर रिहा भएका हुन्।

प्रेस्तेदार नीरज पोखरेलका अनुसार जातीय भेदभाव तथा छुवाछुतसम्बन्धी कसुरमा शुक्रबार मुद्दा दर्ता भएकामा थुनछेक बहस भएको हो। १९ वैशाखमा

» पृष्ठ २ मा क्रमशः

■ गणतन्त्रको पक्षमा समाजवादी मोर्चाको जनप्रदर्शन

हिंसा र अराजकता मच्चाएर प्रतिगामी गतिविधि नगर्न चेतावनी





शुरोजंग पाण्डे/नयाँ पत्रिका
तस्बिर : **दिपेन्द्र ढुंगाना**

समाजवादी मोर्चाले सडकमा हिंसा, आतंक र मन्डले अराजकता मच्चाएर इतिहास फर्काउने दुस्साहस नगर्न राजावादीलाई चेतावनी दिएको छ। लोकतान्त्रिक गणतन्त्रका पक्षमा र सरकारको कुशासनविरुद्ध शुक्रबार काठमाडौंमा विशाल जनप्रदर्शन र सभा गर्दै मोर्चाले यस्तो चेतावनी दिएको हो।

मोर्चामा आबद्ध माओवादी, एकीकृत समाजवादी, नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेकपा, समाजवादी पार्टी नेपालका शीर्ष नेताहरूले आन्दोलनका नाममा राजावादी समूहले गुन्डागर्दीसहित हत्या, कुटपिट, लुटपाट र अराजकता मच्चाएको भन्दै आपत्ति जनाएका छन्। उनीहरूले त्यस्ता गतिविधिमा संलग्नलाई तत्काल कानुनी कठघरामा उभ्याउन माग गरेका छन्।

» पृष्ठ २ मा क्रमशः

प्रदर्शनीमार्गमा शुक्रबार आयोजित समाजवादी मोर्चाको जनसभालाई सम्बोधन गर्दै माओवादी अध्यक्ष प्रचण्डले भने, 'विगतमा जनताको हितमा काम नगरेका कारण हामी गणतन्त्रवादीले मिल्काइसकेका तत्त्वहरूले शिर उठाउन खोजेका हुन सक्छन्, तर केही कमजोरीको फाइदा उठाउन खोजे अब प्रतिगामीलाई क्षमा दिन सकिन्न।'

कार्यकारी निर्देशकबाट बर्खास्तविरुद्ध कुलमानको रिटमा कारण देखाऊ आदेश

रिट अग्राधिकारमा, अन्तरिम आदेशबारे आइतबार छलफल हुने

शिल्पा कर्ण/नयाँ पत्रिका

कुलमान घिसिङलाई विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकबाट बर्खास्त गर्ने सरकारको निर्णयविरुद्धको रिटमा सर्वोच्च अदालतले कारण देखाऊ आदेश जारी गरेको छ। शुक्रबार न्यायाधीश अब्दुल अजिज मुसलमानको इजलासले अन्तरिम आदेशबारे छलफल गर्न आइतबार पेसी तोकेको छ। रिटलाई अग्राधिकार (प्राथमिकता) दिइएको छ।



कुलमान घिसिङ

गत सोमबारको मन्त्रिपरिषद् बैठकले साढे चार महिना कार्यकाल बाँकी छँदै आफूलाई गैरकानुनी रूपमा पदबाट हटाएको भन्दै घिसिङले दायर गरेको रिट बिहीबार मात्र दर्ता भएको थियो। '... प्रस्तुत निवेदन व्यहोरा अध्ययन गर्दा दुवै पक्षको जिकिर सुनी मागबमोजिम अन्तरिम आदेश जारी हुने वा नहुने निष्कर्षमा पुग्न उपयुक्त र आवश्यक देखिँदा १७ चैतलाई छलफलको मिति मुकरर गरी अन्तरिम आदेश छलफल प्रयोजनार्थ प्रस्तुत निवेदनलाई सुनुवाइ प्राथमिकतासहित अग्राधिकार दिई नियमानुसार पेस गर्नू,' आदेशमा उल्लेख छ। विवादसँग सम्बन्धित मिसिल, कागज र प्रमाण महान्यायाधिवक्ताको

» पृष्ठ २ मा क्रमशः

■ कुलमान बर्खास्ती प्रकरणमा संसद्मा जवाफ दिन प्रधानमन्त्रीका सर्त

● **आइतबारदेखि संघीय संसद्का दुवै सदन खोल्नुपर्ने र राष्ट्रिय सभाबाट पाँचवटै अध्यादेश प्रतिस्थापन विधेयक पारित गर्नुपर्ने सत्तापक्षको सर्त**

● **प्रधानमन्त्रीले जवाफ दिने दिनमै सदन खोल्ने र जवाफ चित्तबुझ्दो भए मात्र कारबाही अगाडि बढ्न दिने प्रतिपक्षको अडान**

(समाचार पृष्ठ २)

NIMB
नेपाल उन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

नयाँ पत्रिका

हिंसात्मक बन्यो...

पृष्ठ १ बाट क्रमशः

सविन महर्जनको मृत्यु भएको छ।

दुई पक्षबिच भएको झडपमा ३५ जना प्रदर्शनकारी घाइते छन्। उनीहरूमध्ये केहीलाई गोली लागेको छ। त्यस्तै, ५३ जना नेपाल प्रहरी र सशस्त्रतर्फ २२ जना घाइते भएका छन्। तोडफोड र आगजनीमा संलग्न ५१ जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ।

प्रहरीले अश्रुग्यास प्रहार गरेको भन्दै आन्दोलनकारीले तोडफोड सुरु गरेका थिए। तीनकुनेको सडकछेउमा रहेको मार्बल हाउस भवनमा तोडफोडसँगै हिंसा सुरु भएको थियो। यो भवनबाट प्रहरीले अश्रुग्यास हानेको भन्दै आन्दोलनकारीले निसाना बनाएका थिए। पछि आगोसमेत लगाए। आगो निभाउन गएको दमकलसमेत तोडफोड गरिएको प्रहरी प्रवक्ता डिआइजी दिनेश आचार्यले बताए। त्यसपछि एकीकृत समाजवादीको पार्टी कार्यालयदेखि जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनीसम्म पुगेका प्रदर्शनकारीले तोडफोड र आगजनी गरेका थिए। प्रदर्शनकारीले नेताहरूविरुद्ध उग्र नारा लगाउँदै प्रहरीमाथि ढुंगा प्रहार गरिरहे। ठाउँठाउँमा झडप भयो।

विभिन्न स्थानमा निजी र सरकारी गाडीमा आगजनी गर्दै अघि बढेका प्रदर्शनकारीले जडीबुटी उत्पादन तथा प्रशोधन केन्द्रको भवनमै आगजनी गरेका थिए। त्यहाँ पार्किङमा रहेका एक दर्जन गाडी पनि जलाइएको जिल्ला प्रहरी परिसर, काठमाडौंले जनाएको छ। स्थिति नियन्त्रणबाहिर गएपछि जिल्ला प्रशासन कार्यालयले अपराह्नदेखि कोटेश्वर, तीनकुने, जडीबुटी, बालकुमारी, गौशाला, सिनामंगल, पुरानो बानेश्वरलगायत क्षेत्रमा कफ्र्यु आदेश जारी गरेको थियो। आदेश शनिबार बिहान ७ बजेसम्मका लागि कायम गरिएको छ।

सुरुदेखि नै हिंसात्मक बनाइयो प्रदर्शन

प्रहरी अधिकारीका अनुसार सुनियोजित रूपमै शुक्रबारको आन्दोलनलाई हिंसात्मक बनाउने उद्देश्य देखिन्छ। सुरुमै दुर्गा प्रसाईंले आफैँ गाडी चलाएर प्रहरीलाई समेत धकल्दै निषेधित क्षेत्र तोड्ने प्रयास गरेका थिए। प्रहरीलाई नै उनले किच्ने प्रयास गरेको गृह मन्त्रालयका सहसचिव छवि रिजालले बताए।

'प्रहरीलाई बल प्रयोग गर्न उनले उत्तेजित बनाएका थिए,' तीनकुनेमा खटिएका एक प्रहरी अधिकारीले भने, 'त्यतिवेला प्रहरी संयम बनेपछि ढुंगा हान्न लगाएर हिंसा र तोडफोड सुरु गराए।' प्रसाईं मात्र होइन कार्यक्रममा सहभागी राप्रपाका वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र, महामन्त्री धवलशमशेर राणा तथा राजतन्त्र पुनर्स्थापनाका लागि गठित संयुक्त जनआन्दोलन समितिका प्रवक्ता स्वागत नेपाललगायतले आन्दोलनलाई उग्र हुन निर्देशन दिएको प्रहरी अधिकारीहरू बताउँछन्। झडप भएपछि समितिका संयोजक नवराज सुवेदीलगायत नेताहरू बाहिरएका थिए।

पछि आगजनी र तोडफोड चर्किँदै गयो। त्यसपछि दुर्गा प्रसाईं त्यहाँबाट बाहिरिएका थिए। अनियन्त्रित भिडले विभिन्न ठाउँमा तोडफोड र आगजनी गर्‍यो। जनशक्ति पनि न्यून हुँदा प्रहरीले उनीहरूका गतिविधि नियन्त्रण गर्न सकेन। गृह मन्त्रालयको आकलनअनुसार सो आन्दोलनमा करिब चार हजारको भिड जम्मा भएको थियो।

नेताहरूकै घरमै आगजनीको सम्भावना देखिएपछि सेनालाई समेत आन्दोलनस्थलमा खटाइएको थियो। प्रहरीलाई सघाउन सेना खटिएको सैनिक प्रवक्ता गौरवकुमार केसीले बताए।

१४ ठाउँमा आगजनी, नौ ठाउँमा तोडफोड

जिल्ला प्रहरी परिसर काठमाडौंका एसपी अपिलराज बोहराका अनुसार आन्दोलनकारीले १४ ठाउँमा आगजनी, नौ ठाउँमा तोडफोड र एक ठाउँमा लुटपाट गरेका छन्।

मार्बल हाउस, एकीकृत समाजवादीको पार्टी कार्यालय, जडीबुटी उत्पादन तथा प्रशोधन केन्द्र, कर्पोरेट टावर तीनकुने, विमानस्थलको कार्गो क्षेत्र, कोटेश्वर महादेवस्थान, कोटेश्वर गणेशस्थान, भाटभटेनीअगाडि सरकारी गाडी, बालकुमारीबाट काठमाडौं आउने करिडोरमा निजी गाडी, बानेश्वर पुलपारि, एयरपोर्टको फोहोर फाल्ने क्षेत्र, सिनामंगलस्थित इन्द्रेणी सहकारी रहेको भवन, रोयल रेस्टुरेन्ट र सिनामंगलकै एरोम्याक्स रहेको भवनमा आगजनी गरिएको छ।

त्यस्तै, अन्नपूर्ण मिडिया हाउस, कान्तिपुर टेलिभिजन, केएमसी अस्पताल सिनमंगल, सिनामंगलस्थित नेपाल प्रहरीको सिसिक्यामेरा, भत्केको पुलस्थित प्रहरी बिट, प्रहरी प्रभाग कोटेश्वर, ट्राफिक प्रहरी प्रभाग कोटेश्वरमा तोडफोड भएको छ।

कोटेश्वरस्थित भाटभटेनी सुपरमार्केटमा भने तोडफोडसँगै लुटपाटसमेत भएको छ। एकैपटक छिरेको अराजक समूहले भाटभटेनीमा लुटपाट मच्चाएको थियो। आन्दोलनमा नौवटा सरकारीसहित १५ वटा सवारीसाधन तोडफोड तथा आगजनी भएको काठमाडौं परिसरका एसपी बोहराले बताए।

सभा सुरु नहुँदै सुरु भयो झडप

राजावादीले तीनकुनेमा गर्ने भनिएको सभामा सहभागी हुन पौने १ बजेतिर राप्रपा नेताहरू डा. प्रकाशचन्द्र लोहनी, धवलशमशेर राणा, रवीन्द्र मिश्र र विक्रम पाण्डे तीनकुने पुगेका थिए। लगत्तै राजसंस्था पुनर्स्थापनाका लागि संयुक्त जनआन्दोलन समितिका संयोजक पूर्वपञ्चनेता नवराज सुवेदी पनि तीनकुने पुगेका थिए।

प्रदर्शनको कमान्डर बनेका व्यवसायी दुर्गा प्रसाईं आफैँ गाडी हाँकेर प्रहरीको घेरा तोड्न अघि बढेका थिए। उनले प्रहरीको घेरा जबर्जस्ती तोडेका मात्र थिएनन्, प्रहरीलाई गालीगलौजसमेत गरेको प्रत्यक्षदर्शीले बताएका छन्। त्यहीबिचमा प्रहरीले प्रदर्शनकारीमाथि अश्रुग्यास प्रहार गरेपछि सभामा पुगेका नेताहरू तितरबितर भए। प्रत्यक्षदर्शीका अनुसार प्रहरीको घेरा तोड्न प्रसाईं र राप्रपा नेता मिश्रले सहभागीलाई उक्साएका थिए। त्यसक्रममा प्रहरीसँग पटक-पटक झडप भएको थियो।

'सभामा नेताहरू आइपुगेको मञ्चबाट घोषणा भयो। त्यही वेला टियर ग्यास प्रहार भएपछि मञ्चमा पुगेका नेताहरू निस्कनुपर्‍यो,' सभाकै छेउछाउमा रहेका राप्रपा नेता सगुन लावतीले भने, 'त्यसपछि सभा भएन, झडप सुरु भयो।'

जनआन्दोलन समितिका संयोजक सुवेदीले आफूहरूलाई सुरुदेखि नै प्रहरीले थिचोमिचो गरेको भन्दै घटनाको जिम्मेवारी सरकारले लिनुपर्ने बताएका छन्। शुक्रबार साँझ जारी भिडियो सन्देशमा सुवेदीले घटनाप्रति आफूलाई पश्चात्ताप लागेको, तर सरकारले जिम्मा लिनुपर्ने बताए। 'हाम्रो ज्यादती केही छैन। सुरुदेखि नै हामीलाई इरिटेट गर्न खोजियो, त्यसबाट असहज परिस्थिति आएको हो,' उनले भने, 'घटनाको म पश्चात्ताप गर्छु। तर, घटनाको सम्पूर्ण जिम्मा सरकारले लिनुपर्छ।'

आन्दोलनको स्वामित्व लिएका सुवेदीले घटनाको जिम्मा लिएनन्। प्रसाईंले पनि घटनाको जिम्मेवारी लिएनन्। 'हामी तोडफोड गर्न, आगजनी गर्न, प्रहरी कुट्न गएका थिएनौँ, हामी त शान्तिपूर्ण रूपमा सभा, आन्दोलन र घोषणासभामा सहभागी हुन गएका थियौँ, दमन किन ?' प्रसाईंले शुक्रबार साँझ सामाजिक सञ्जालमा भने, 'जुन अप्रिय अवस्था बन्यो, त्यो सबै सरकारको दमनका कारण भएको हो, त्यसको क्षतिपूर्ति सरकारले व्यहोर्नुपर्नेछ।' उनीहरू नपुग्दै सरकारले अश्रुग्यास प्रहार गरेको प्रसाईंको आरोप छ। प्रशासनले भने परिस्थितिलाई प्रसाईंले उत्तेजित पारेको निष्कर्ष निकालेको छ।

अध्यक्ष लिङ्देन विपक्षमा, राप्रपामा स्पष्ट मतभेद

राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले शुक्रबार आन्दोलनका नाममा भएका झडप र हिंसात्मक घटनाप्रति दुःख व्यक्त गरेका छन्। उनले सरकार र प्रदर्शनकारीलाई संयम अपनाउन अपिल गरेका छन्। राप्रपा हिंसाको पक्षमा नभएको समेत स्पष्ट पारेका छन्। उनी प्रदर्शनमा सहभागी भएनन्। राप्रपा नेपालका अध्यक्ष कमल थापा पनि सहभागी भएनन्।

लिङ्देनले राजसंस्था र हिन्दु राष्ट्रको आन्दोलन पार्टीकै नेतृत्वमा हुनुपर्नेमा जोड दिँदै आएका थिए। तर, यो एजेन्डामा हुने सबै आन्दोलनलाई नैतिक समर्थन गर्ने उनको भनाइ थियो। पूर्वराजा ज्ञानेन्द्रले नवराज सुवेदी नेतृत्वमा आन्दोलन समिति गठन गरेपछि र त्यसमा पार्टी निर्णयविपरीत नेताहरू धवलशमशेर राणा, रवीन्द्र मिश्र बसेपछि लिङ्देन असन्तुष्ट रहँदै आएका छन्। राप्रपालाई कमजोर पार्ने प्रयास स्वीकार्य नहुनेमा उनले पार्टीभित्र जोड दिँदै आएका छन्।

लिङ्देनले शुक्रबारको घटनाबारे विस्तृतमा बोल्न मानेनन्। 'राप्रपा हिंसाको पक्षमा छैन। आन्दोलनका क्रममा भएका घटनामा राप्रपा दुःख व्यक्त गर्दछ। सरकार र प्रदर्शनकारी दुवैलाई संयम अपनाउन अपिल गर्दछु,' लिङ्देनले संक्षिप्त प्रतिक्रियामा नयाँ पत्रिकासँग भने, 'संवादमार्फत राजनीतिक मुद्दाको निकासका लागि अघि बढ्न सरकारसँग माग गर्दछु।'

तस्बिरहरू : सतिश पोखरेल, दिपेन्द्र ढुंगाना/नयाँ पत्रिका







आफैँ गाडी चलाएर सुरक्षाघेरा दुर्गा प्रसाईं, यसपछि झडप सुरु भयो



कोटेश्वरस्थित भाटभटेनी सुपरमार्केट



जडिबुटी उत्पादन तथा प्रशोधन केन्द्र



एकीकृत समाजवादीको पार्टी कार्यालय

हिंसात्मक घटनाको छानबिन गर्ने सरकारको निर्णय

काठमाडौं/ सरकारले शुक्रबार तीनकुनेमा भएको हिंसात्मक घटनाको छानबिन गरी दोषीमाथि कारबाही गर्न गृह मन्त्रालयलाई निर्देशन दिएको छ। बालुवाटारमा शुक्रबार राति बसेको मन्त्रिपरिषद् बैठकले 'घटनाको सत्यतथ्य छानबिन गरी दोषीमाथि कारबाही गर्न र आगामी दिनमा यस किसिमका घटना हुन नदिन व्यवस्था मिलाउन गृह मन्त्रालयलाई निर्देशन दिने' निर्णय गरेको हो। सरकारका प्रवक्ता पृथ्वीसुब्बा गुरुङले अराजक गतिविधिमा संलग्न नहुन आमनागरिकमा सरकारले अपिल गरेको पनि बताए।

मानव अधिकार आयोगले भन्यो- हिंसात्मक गतिविधि बन्द गर

काठमाडौं/ राष्ट्रिय मानव अधिकार आयोगले हिंसात्मक गतिविधि बन्द गर्न र प्रदर्शनलाई शान्तिपूर्ण बनाउन आह्वान गरेको छ। साथै, हिंसात्मक कार्यमा संलग्नलाई कानुनी दायरामा ल्याई कारबाही गर्न पनि आयोगले भनेको छ। 'आफ्नो अधिकारको प्रयोग गर्दा अरूको अधिकारमा असर पार्नु मानव अधिकारको मूल्य-मान्यताविपरीत हुन जान्छ। कुनै पनि बहानामा हिंसात्मक गतिविधि र अरूको अधिकारको उपभोगमा अवरोध गर्ने कार्य स्वीकार गर्न सकिँदैन,' आयोगका प्रवक्ता डा. टीकाराम पोखरेलले विज्ञप्तिमा भनेका छन्।

निसानामा पत्रकार र सञ्चार गृह

लाइभ रिपोर्टिङ गर्दागर्दै जलेर ज्यान गुमाए सुरेश रजकले, आज माइतीघरमा पत्रकार महासंघको विरोधसभा

नयाँ पत्रिका

राजसंस्थाको पुनर्स्थापनाका लागि आन्दोलनमा उत्रिएका राजावादी प्रदर्शनकारीको निसानामा पत्रकार र सञ्चार गृह पनि परेका छन्।

व्यवसायी दुर्गा प्रसाई नेतृत्वमा आन्दोलनमा सहभागी समूहले शुक्रबार तीनकुनेमा गरेको आगजनीमा परी रिपोर्टिङमा खटिएका एभिन्युज टेलिभिजनका फोटोपत्रकार सुरेश रजकको जलेर मृत्यु भएको छ। आन्दोलनको भिडियो खिचिरहेको तीनकुनेस्थित मार्बल हाउसमा प्रदर्शनकारीले आगो लगाएपछि उनको मृत्यु भएको हो। आगो सल्किने वेलासम्म उनी लाइभ गरिरहेका थिए। भवनमा आगो दन्किएपछि सशस्त्र प्रहरी बलको दमकल पुगे पनि चालकलाई लक्षित गरी ढुंगा प्रहार भएको थियो। दमकल फर्कियो। र, रजकको भवनभित्रै जिउँदै जलेर ज्यान गयो।

एभिन्युज टेलिभिजनका सञ्चालक भास्करराज राजकर्णिकारले आगलागी भएको भवनभित्र पत्रकार रजक फसेको जानकारी प्रहरी प्रशासनलाई गराइए पनि समयमै उद्धार हुन नसक्दा ज्यान गएको बताए। सशस्त्र प्रहरीले भवनभित्र कोही नरहेको बताउँदै आफूहरूलाई पनि जान नदिएको बताउँदै उनले भने, 'हामी सहकर्मी जलेको लाइभ गरिरह्यौँ, केही गर्न सकेनौँ।'

त्यस्तै, प्रदर्शनकारीले सुरक्षामा खटिएका प्रहरीको हतियार खोसिरहेको तस्बिर खिचेका अनलाइन खबरका पत्रकार दिनेश गौतमलाई आन्दोलनकारीले फोटो किन खिचेको भन्दै कुटपिट गरेका छन्। कुटपिटबाट गौतमको बायाँ खुट्टा भाँचिएपछि उनको उपचार भइरहेको छ। आक्रमणमा परी फोटोपत्रकार राजु थापा पनि घाइते भएका छन्।

आन्दोलनकारीले तीनकुनेस्थित अन्नपूर्ण पोस्ट र कान्तिपुर टेलिभिजनको कार्यालयमा ढुंगा प्रहार हुनुका साथै आगजनीको प्रयास पनि गरेका थिए। हिमालय टेलिभिजनको गाडी पनि तोडफोड गरेका छन्।

पत्रकार महासंघका महासचिव रामप्रसाद दाहालले विज्ञप्ति जारी गर्दै सञ्चारकर्मीको ज्यानै जाने गरी हमला हुनु आपत्तिजनक, निन्दनीय र भर्त्सनायोग्य बताएका छन्। महासंघले आन्दोलनका नाममा सञ्चारकर्मीको ज्यानै जाने, प्रेसलाई आतंकित र त्रसित बनाउने कार्य किमार्थ स्वीकार नहुने भन्दै संलग्नलाई तत्काल कानुनी कठघरामा उभ्याउन सरकारसँग माग गरेको छ। साथै, क्षति पुर्‍याइएका सञ्चारमाध्यमलाई क्षतिपूर्ति दिन, सञ्चारगृह र सञ्चारकर्मीको सुरक्षामा गम्भीर हुन आग्रहसमेत गरेको छ। महासंघले पत्रकार जलेर मृत्यु भएको प्रकरणको गहिरो छानबिन गरी दोषीमाथि कानुनी कारबाही र पीडित परिवारलाई क्षतिपूर्तिको माग गरेको छ।

त्यस्तै, प्रेस चौतारी नेपालले घटनाको भर्त्सना गर्दै संलग्न दोषीमाथि कडा कारवाही गर्न माग गरेको छ। समाजवादी प्रेस संगठनले प्रेस स्वतन्त्रता विरोधी हर्कतको निन्दा गर्दै दोषीलाई कडा कारबाही र पत्रकारको प्रभावकारी सुरक्षा प्रबन्ध गर्न माग गरेको छ।

संसदीय मामिला पत्रकार समाजले पनि सञ्चारमाध्यम र पत्रकारमाथि भएको आक्रमणको भर्त्सना गर्दै घटनामा संलग्नलाई कारबाहीको माग गरेको छ।

फोटो पत्रकार क्लबले पनि विज्ञप्ति जारी गरी सञ्चारकर्मी र सञ्चार गृहमाथि भएको आक्रमण निन्दा गरेको छ। सञ्चारकर्मी र सञ्चारगृहमाथि आक्रमण गर्नेहरूलाई तत्काल पक्राउ गरी कडाभन्दा कडा कारबाही गर्न र पीडितलाई राहत उपलब्ध गराउन माग गरेको छ।

स्थापना दिवस प्रभावित

पत्रकार महासंघले स्थापना दिवसका अवसरमा शनिबारका पूर्वनिर्धारित सम्पूर्ण कार्यक्रम स्थगित गरेको छ। स्थापना दिवसलाई पत्रकारको ज्यान लिनेगरी भएको घटना र सञ्चार गृह तथा सञ्चारकर्मीमाथिको हमलाविरुद्ध आन्दोलनका रूपमा शोक र विरोधसभाको रूपमा मनाउने निर्णय गरेको छ।

केन्द्रीय समितिले शनिबार बिहान ८ बजे माइतीघर मण्डलामा भेला भएर पत्रकारको ज्यान जानेगरी भएको घटना र सञ्चारमाध्यममाथि भएको ज्यादतीविरुद्ध विरोधसभा गर्ने महासचिव रामप्रसाद दाहालले बताए।

कुलमान बर्खास्ती प्रकरणमा संसद्मा जवाफ दिन प्रधानमन्त्रीका सर्त

नयाँ पत्रिका

प्रधानमन्त्री केपी ओलीले विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई पदबाट हटाउने मन्त्रिपरिषद्‌को निर्णयबारे संसद्मा जवाफ दिन सर्त अघि सारेका छन्। विपक्षी दलहरूले भने प्रधानमन्त्रीले जवाफ दिने दिनमै सदन खोल्ने र जवाफ चित्तबुझ्दो भए मात्र कारबाही अगाडि बढ्न दिने अडान लिएका छन्।

प्रधानमन्त्री ओलीका तर्फबाट सत्तारूढ दल कांग्रेस र एमालेले आइतबारदेखि संघीय संसद्का दुवै सदन खोल्नुपर्ने र राष्ट्रिय सभाबाट पाँचवटै अध्यादेश प्रतिस्थापन विधेयक पारित गर्नुपर्ने सर्त अघि सारेका हुन्। एमाले प्रमुख सचेतक महेश बर्तौलाले विपक्षीको मागअनुसार प्रधानमन्त्री संसद्मा बोल्न तयार भएकाले आइतबारदेखि प्रतिपक्षीले सदन खोल्नुपर्ने बताए। 'प्रतिपक्षले राखेको विषय (कुलमानको बर्खास्ती) अदालतमा विचाराधीन छ। अदालतमा रहेको विषयमा कति बोल्ने भन्ने आफ्नो ठाउँमा छ। तर, प्रधानमन्त्रीज्यूले सरकारका तर्फबाट आफ्नो विषय राख्नुहुन्छ। संसद्को गतिरोध तथा प्रमुख समसामयिक विषयमा बोल्नुहुन्छ,' बर्तौलाले भने।

कांग्रेस प्रमुख सचेतक श्याम घिमिरेले पनि कुलमानको बर्खास्तीबारे जानकारी गराउन प्रधानमन्त्रीले १८ चैतमा संसद्मा बोल्ने जानकारी गराएको तर विपक्षी दलहरूबाट जवाफ आइनसकेको बताए। 'प्रधानमन्त्रीले सोमबार जवाफ दिनुहुन्छ, सदन खोल्नुस् भनेका छौँ। विपक्षी दलहरूबाट कुनै प्रतिक्रिया आइसकेको छैन। उहाँहरूको प्रतिक्रियापछि सदन के हुने भन्ने थाहा होला,' उनले भने।

माओवादी प्रमुख सचेतक हितराज पाण्डेले प्रधानमन्त्रीको जवाफपछि मात्रै सदन चल्ने बताए। 'उहाँहरूले सदन खोल्नुस्, पछि आएर जवाफ दिन्छौँ भन्नुभयो,' पाण्डेले भने, 'कुलमानको बर्खास्ती गर्नुको चित्तबुझ्दो कारण नदिएसम्म हामी सदन चल्न दिँदैनौँ। जुन दिन जवाफ दिनुहुन्छ, चित्तबुझ्दो छ भने सदन अगाडि जान्छ, हुँदैन भने हाम्रो आन्दोलन यथावत् रहन्छ।'

चार महिना कार्यकाल बाँकी छँदै घिसिङलाई ११ चैतमा मन्त्रिपरिषद्ले पदबाट हटाएपछि माओवादी, रास्वपासहित विपक्षी दलले सदनमा स्पष्टीकरण मागेर १३ चैतदेखि दुवै सभा अवरुद्ध पार्दै आएका थिए। शुक्रबार तेस्रो दिन पनि दुवै सभा बस्न सकेका थिएनन् भने सूचना टाँसेर आइतबारसम्मका लागि स्थगित छ।

सुरुवातमा कर्मचारीको विषयमा प्रधानमन्त्रीले जवाफ नदिने अडान लिएको सत्तापक्ष अध्यादेश प्रतिस्थापन विधेयक पारित गर्नुपर्ने बाध्यताका बिच स्पष्टीकरण दिन तयार भएको हो। तर, पहिला सदन खोल्ने र जवाफ दुई दिनपछि दिने सत्तापक्षको प्रस्ताव भने प्रतिपक्षीले मानेको छैन।

हिंसा र अराजकता...

पृष्ठ १ बाट क्रमशः

त्रिपुरेश्वर, सुन्धारा, रत्नपार्कसहित काठमाडौंका एक दर्जन स्थानबाट सुरु भएको हजारौँ सहभागी मोर्चाको जुलुस प्रदर्शनीमार्गमा पुगेपछि सभामा परिणत भएको थियो। गणतन्त्रका पक्षमा जनसभा आयोजना गर्ने आफूहरूको घोषणापछि राजावादीहरूले नियोजित रूपमै त्यही दिन प्रदर्शन गरेर देशलाई प्रतिगमनमा लैजान मुठडेको बाटो रोजेकोप्रति आपत्ति जनाउँदै मोर्चाका नेताहरूले कडा मूल्य चुकाउनुपर्ने दिन आउन सक्ने चेतावनी पनि दिए।

'चैत १५ गते नेपालको राजनीतिक आन्दोलनको इतिहासमा एउटा महत्त्वपूर्ण दिनका रूपमा अंकित भइसकेको छ। एकातिर गणतन्त्रवादीको विरोध प्रदर्शन र सभा, अर्कोतिर राजावादीको प्रतिगामी सभा एकैदिन पारियो। गणतन्त्रवादी मोर्चाको हैसियतमा हामीले १५ गते काठमाडौंमा प्रदर्शन र सभा गर्ने घोषणा गरिसकेपछि राजावादीले पनि आजकै दिन प्रदर्शनका लागि रोजे। त्यसबाट कहीँ न कहीँ वातावरणलाई धमिल्याउन चाहने, उत्तेजित बनाउने, आतंकित पार्न चाहने मनासय त उनीहरूमा देखिएकै थियो,' सभालाई सम्बोधन गर्दै माओवादी अध्यक्ष प्रचण्डले भने, 'तर, १२ वर्ष ढुंग्रोमा हाले पनि कुकुरको पुच्छर बाँगै भनेजस्तै त्यहाँको सभा त मन्डले अराजकताको परकाष्ठा भएको छ। तीनकुने क्षेत्र मन्डले अराजकताको सबै प्रतिगामी निरंकुशतावादीको प्रतीकका रूपमा देखियो। मण्डलेहरूले घरमा आगो लगाएका छन्, प्रहरीमाथि ढुंगा प्रहार गरेका छन्। एक-दुईजना मान्छे मरून् र देशभरि आतंक फैलियोस् भन्ने उनीहरूले चाहेका छन्। त्यो राजावादीहरूको चरित्र नै हो।'

इतिहासलाई पछाडि फर्काउने दुस्साहस नगर्न प्रचण्डले चेतावनी दिए। मधेशी, आदिवासी जनजाति, मजदुर युद्धबाट खारिएर आएका कारण अब गणतन्त्रबाट कुनै पनि हालतमा पछाडि नफर्किने दाबी गर्दै उनले इतिहास कहिले नफर्कने बताए।

पूर्वराजा ज्ञानेन्द्र शाहले अब अर्को गल्ती गरे क्षमा पनि दिन नसकिने प्रचण्डको चेतावनी छ। 'विगतमा जनताको हितमा काम नगरेका कारण हामी गणतन्त्रवादीले मिल्काइसकेका तत्त्वहरूले शिर उठाउन खोजेका हुन सक्छन्, तर केही कमजोरीको फाइदा उठाउन खोजे अब प्रतिगामीलाई क्षमा दिन सकिन्न,' उनले भने। कमजोरी सच्याएर गणतन्त्रलाई पूर्ण रूप दिनका लागि नयाँ आन्दोलन गर्न चाहेको बताउँदै प्रचण्डले समीक्षात्मक ढंगले अगाडि बढ्ने तयारी भइरहेको जानकारी गराए।

प्रधानमन्त्री केपी ओली नर्कतिर गएको बताउँदै अध्यक्ष प्रचण्डले आफूलाई जनतातिर फर्काइदिएको भन्दै धन्यवाद पनि दिए। जनतामा देखिएको आक्रोशको समीक्षा गर्नु आवश्यक रहेको बताउँदै उनले संविधान निर्माणको सहयोगी भएका कारण अहिलेसम्म खबरदारी मात्रै गरेको बताए। 'संविधान निर्माणको सहयात्री भएकाले सहयोग गर्दै आएको हो, यदि अहिले पनि सुध्रिनुभएन भने क्रान्तिबाट तपाईंहरूलाई पनि बढारेर जाने र क्रान्ति तपाईंहरूतिर सोझ्याउन नपरोस्,' प्रचण्डले सरकारलाई खबरदारी गरे।

प्रधानमन्त्री ओलीले अहिले पनि उल्टो काम गरिरहेको दाबी गर्दै प्रचण्डले अहंकार त्याग्न ध्यानाकर्षण गराए। 'हाम्रा प्रधानमन्त्रीजीले अहिले उल्टोउल्टो काम गर्नुको अर्थ उहाँ राजावादीसँग मिल्या त होइन भन्ने गम्भीर प्रश्न उठ्या छ। भित्रभित्रै उहाँ हिजो पनि कहीँ न कहीँ मिल्न खोज्नुहुन्थ्यो। अहिले उल्टोउल्टो काम गरेपछि त राजावादीलाई फाइदा हुने भयो, त्यस्तै त होइन भन्ने प्रश्न छ। उहाँ गणतन्त्रवादी नै हो भन्नेकुरा पुष्टि गर्नका लागि प्रतिनिधिसभा र सम्पूर्ण प्रतिपक्षको आवाजलाई सम्मान गर्नुपर्छ। अनि सदनमा आएर जवाफ दिनुपर्छ। तर, दिने लक्षण छैन,' प्रचण्डले भने, 'प्रधानमन्त्री ओलीमा अहंकार छ, उहाँ जवाफ दिनै चाहनुहुन्न, आउनुहुन्न भन्ने मलाई थाहा छ।'

एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले प्रतिगामी, पूर्वराजावादीहरूले चाहँदैमा मुलुक वंशीय शासनमा फर्किन नसक्ने दाबी गर्दै गणतन्त्रको पक्षमा शुक्रबारको प्रदर्शन कास्टिङ मात्रै भएको बताए। 'आजको कार्यक्रम नेपालको राजनीतिमा कास्टिङ मात्र हो। त्यसकारण प्रतिगामी शक्तिहरू होसियार ! अब यो मुलुक राणा र शाही वंशतर्फ फर्कन सक्दैन। वंश र परिवारको शासनतिर मुलुक फर्कन सक्दैन, जनता स्वाधीन र सार्वभौम सत्तासम्पन्न भएकाले कसैको दासता स्विकार्न तयार छैनन्,' उनले भने, 'वंशको शासन ल्याउन खोजे त्यसले ठुलो मूल्य चुकाउनुपर्नेछ।' सरकार जनताको समस्यासँग बेखबर भएर कुर्ची बचाउन मात्र लाग्दा आजको स्थिति आएको उनको भनाइ छ।

'हामीले सरकार ढालेका छैनौँ, तर सरकार ढलेँ.. ढलेँ...गीत गाइरहेको छ, किन त्यस्तो गीत गाउनु ?' अध्यक्ष नेपालले भने, 'प्रचण्ड कमरेडलाई स्वर्ग र नर्कको कुरा गरेछन्। प्रचण्ड सोझो मान्छेलाई नर्कतिर पठाइदिएछन्।' सरकारको कार्यशैली सुध्रियोस् भन्ने सदिच्छा रहे पनि त्यस्तो अवस्था नदेखिएको उनले बताए। 'हामीले भनिरहेका छौँ, मति सप्रियोस्, बुद्धि फेरियोस्, देश र जनतालाई केन्द्रविन्दुमा राखियोस्, षड्यन्त्रको काम नगरियोस्, तर त्यस्तो स्थिति देखिएको छैन,' नेपालले भने।

नेपाल कम्युनिस्ट पार्टीका महासचिव नेत्रविक्रम चन्द विप्लवले जनतासँगको लडाइँमा शासन गुमाएकाहरूले विदेशी तत्त्वहरूको उक्साहटमा गणतन्त्रविरुद्ध षड्यन्त्र गरिरहेको बताए। उनले पुरानै युग फर्काउने सपना नदेख्न चेतावनीसमेत दिए।

'ठुलो लडाइँ लडेर यहाँसम्म आइपुगेका छौँ। लडाइँमा जसले सत्ता गुमाए, हारे, जसको स्वर्ग ढाल्यो, जसले स्वर्गीय आनन्द भंग भएको महसुस गर्‍यो, तिनै बचेखुचेका सामन्ती तत्त्वहरूले विदेशीहरूको उक्साहटमा गणतन्त्रका विरुद्धमा षड्यन्त्र गरिरहेका छन्,' विप्लवले भने, 'तर, त्यस्तो षड्यन्त्र सफल हुन दिनेछैनौँ। जनताले फेरि तह लगाउनेछन्।' उनले अहिले जनताका समस्या सम्बोधन हुन नसके गणतन्त्रको विकल्प अर्को कुनै पनि व्यवस्था हुन नसक्ने बताए।

नेपाल समाजवादी पार्टीका अध्यक्ष महिन्द्र राय यादवले पूर्वराजाले संविधान च्यात्न खोजेकाले जनतालाई सडकमा खबरदारीका लागि उतार्न बाध्य भएको बताए। माओवादी उपाध्यक्ष पम्फा भुसालले सरकारको कमजोरीका कारण आमजनतामा आक्रोश पैदा भएको बताइन्।

कार्यकारी...

पृष्ठ १ बाट क्रमशः

कार्यालयमार्फत लिएर आउनसमेत विपक्षीका नाममा आदेश छ। विपक्षीहरूले बाटाका म्यादबाहेक १५ दिनभित्र लिखित जवाफ बुझाउनुपर्नेछ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, ऊर्जा मन्त्रालय, ऊर्जामन्त्री दीपक खड्का, प्राधिकरण सञ्चालक समिति र नवनियुक्त कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यलाई विपक्षी बनाएका घिसिङले सरकारले खुला रूपमा दरखास्त आह्वान गरेको पदमा प्रक्रियाअनुसार सहभागी भई उत्कृष्ट भएका कारण कार्यकारी निर्देशक नियुक्त भएको, तर सरकारले नै शक्तिको दुरुपयोग गरेर हटाएको दाबी गरेका थिए। लोडसेडिङ हटाउन सफल भएको, विद्युत् निर्यात गरेकोजस्ता कार्यबाट राष्ट्रलाई फाइदा पुर्‍याए पनि खड्का ऊर्जामन्त्री नियुक्त भएर आएदेखि आफूलाई हटाउने प्रपञ्च हुँदै आएको उनको तर्क छ।

हितेन्द्रको रिटमा पनि आइतबार छलफल हुने

नवनियुक्त कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यले दायर गरेको रिटमा पनि आइतबार छलफल हुने भएको छ। न्यायाधीश मुसलमानको शुक्रबारको इजलासले देखाऊ आदेश जारी गर्दै आइतबारका लागि छलफल राखेको हो। शाक्य गत सोमबार कार्यकारी निर्देशकमा नियुक्त भएका थिए। तर, अघिल्लो कार्यकालमा आफूले राजीनामा नदिएको, गैरकानुनी रूपमा हटाइएको विरुद्ध रिट किनारा नलागेको जस्ता कारणले सेवा-सुविधा पाउनुपर्ने माग गरेका छन्। २९ माघ ०७७ मा चार वर्षका लागि सरकारले नियुक्त गरेकोमा २७ साउन ०७८ मा ऊर्जा विशेषज्ञ पदमा उनलाई नियुक्त गरिएकोमा यसविरुद्ध हालसम्म सर्वोच्चमा उनको रिट विचाराधीन छ। आफूलाई स्थानान्तरण गरिएको पदमा आफू नगएकाले पहिलेको पदमा आफ्नो हक कायम रहेको उनको दाबी छ। पदाधिकार प्रयोग गर्नबाट वञ्चित गरिएकाले सेवा-सुविधाबाट वञ्चित गराउन नमिल्ने शाक्यको निवेदनमा छ।

औरही...

पृष्ठ १ बाट क्रमशः

अदालतमा हाजिर हुन पनि आदेश दिइएको छ। महायज्ञका लागि मण्डप बनाउने भन्दै डोजर लगाएर औरहीका दीपक मल्लिक (डोम)को घर गत १० फागुनमा भत्काइएको थियो। महायज्ञ आयोजक समिति अध्यक्षसमेत रहेका जसपा जिल्ला सदस्य शिवजी यादव र समिति सचिव रहेका जनमत पार्टीका पालिका अध्यक्ष दिलीपकुमार यादव ८ चैतमा पक्राउ परेका थिए। दीपकको घरमा डोजर चलाउन निर्देशन दिने महायज्ञका मूल पुजारी बजरंगी बाबा भने फरार छन्।

पीडित दीपकले ९ चैतमा जातीय भेदभाव तथा छुवाछुतसम्बन्धी कसुरमा तीनैजनाविरुद्ध जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिएपछि मुद्दा प्रक्रिया अगाडि बढेको थियो। १७ चैतदेखि औरही- ५ मा १० दिनसम्म गर्ने भनिएको विष्णु महायज्ञस्थलको पूर्व-दक्षिण कुनामा घर रहेको डोम परिवारलाई पालिकाकै जेसिबी प्रयोग गरी १० फागुनमा उठीबास गराइएको घटना मिडियामार्फत उजागर भएको थियो।

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्याँ नयाँ
शनिबार १६ चैत ०८१
nayapatrikaofficial @nayapatrika

हिँडेरै चक्रपथको एक फन्को

पैदलयात्रीलाई छैन सजिलो, दिउँसो पैदलयात्रा लगभग कल्पनाबाहिर

सहर



● सुवास भट्ट



चक्रपथअन्तर्गत कलंकी-कोटेश्वर खण्डमा पर्ने सानेपा क्षेत्र



चक्रपथ विस्तारका क्रममा रहेको बालाजु चोक



चप्पल कारखाना क्षेत्रमा बनाउँदै गरेको सर्भिस लेन । तस्बिर : **दिपेन्द्र ढुंगाना**

चक्रपथ परिक्रमा गर्न चाहने पैदलयात्रीको सुरक्षित आवतजावतलाई हदै बेवास्ता गरिएको देखिन्छ । कोटेश्वर-कलंकी खण्डमा दायाँबायाँ अलि व्यवस्थित लाग्ने पैदलमार्ग देख्न सकिन्छ । तर, यो पनि कतैकतै टुटेको छ । कलंकीदेखि चाबहिलसम्मको लगभग पूरै सडकमा पैदलमार्ग छैन । न, सडक दायाँबायाँ पैदल लेनको रेखांकन नै छ । यसले पैदलयात्रालाई जोखिमपूर्ण बनाइदिएको छ ।

अहिले जति उमेरको भएँ, त्यसको आधाभन्दा बढी अवधि भयो, काठमाडौं बसाइ । लामो समय गुजारेको परिवेशप्रति आशक्त भइँदोरहेछ । निर्वाहका तमाम सीमितता र उतारचढावका बाबजुद पनि सहरसँगको बन्धन यथावत् छ ।

झट्ट हेर्दा सहर भन्नु के नै छ र ! यही सघन आवादी, भिडभाड, निर्वाहका अवसर, भौतिक सरसुविधा यस्तै । अझ काठमाडौंको हकमा त अतिरिक्त धेरै कुरा जोडिन्छन्- अव्यवस्था, असंयम र असंगति । जसै भए पनि काठमाडौं रंगीन छ । रंगीन हुनु सहरको अन्तरंग विशेषता नै भयो ।

रंगीन हुनु सुन्दर हुनु पनि हो । यो सुन्दरतामा मेरो चाख छ । यसैको परख गर्न काठमाडौंमा विचरण गर्दै हिँड्ने सोख बढेको छ । काठमाडौंलाई अनेक कोणबाट चिहाउन र अवलोकन गर्न मन पर्छ ।

काठमाडौं बसाइको हिसाबले डेढ दशकभन्दा लामो अवधि म चक्रपथको बाटुलो घेराभित्रै सीमित रहैं । जो उपत्यकाको प्राचीन कान्तिपुरी नगरीको केन्द्र हो । नेपाल एकीकरणयता यो सहर आजपर्यन्त देशको केन्द्र हो । एकात्मकदेखि वर्तमान संघीय राजधानीको राजनीतिक, आर्थिक र प्रशासनिक केन्द्र पनि हो ।

पत्रकारको आँखाले बहुरंग देखेकै हुन्छ । यो रंगलाई कुन तहमा अनुभूत गर्ने भन्ने व्यक्तिका स्वभाव, रुचि र सौन्दर्यचेतमा भर पर्छ । यही चेतनाले मलाई यताउता घुमाइरहन्छ । यसैक्रममा मनमा विचार आयो, यो कान्तिपुरी नगरीलाई परिक्रमा किन नगर्ने ? यही सुरमा देशकै केन्द्र कान्तिपुरी नगरीको केन्द्रलाई चक्कर मार्न पुगैं ।

चक्रपथ किन घुमैं ?

काठमाडौं उपत्यकालाई सुरक्षाकवच जसरी घेराबन्दी गर्ने हरेकजसो डाँडाकाँडामा मैले आफ्नो पदचाप छाडेको छु, ख्याल नगरेका एकाध बाँकी हुन सक्लान् । शिवपुरी, नागार्जुन, चन्द्रागिरि, चम्पादेवी, फुलचोकीमा त तेहेऱ्याएर-चौऱ्याएर पुगेको छु ।

चारैतिर डाँडाकाँडाले घेरिएको यो उपत्यकाको कचौरा आकार सुन्दर लाग्छ । सुन्दर नहुँदो हो त नेपालको भौगोलिक एकीकरणकर्ता पृथ्वीनारायण शाहले गोरखा साम्राज्यको विस्तार गर्दै यसलाई केन्द्र सायदै बनाउँथे । ती अग्ला टाकुराबाट काठमाडौं चिहाउन मजा लाग्छ । भलै सहरी स्वरूप हेर्नलायक किन नहोस् ।

यी डाँडाकाँडालाई घेरो मारिसक्दा पनि चक्रपथ घुम्ने सोच भने फुरेको थिएन । जब एकाध मानिसले साइकल या पैदलै चक्रपथ घुमेको थाहा पाएँ । मलाई यो तरिका सिर्जनात्मक लाग्यो ।

बिजुलीसरी विचारको वृत्ति चलेर मात्र हुँदैन, यो लक्ष्यमा सोझिनुपर्छ । यसका लागि समय लाग्छ । लक्ष्यमा सोझिएपछि र प्रयत्न भएपछि त्यो विचार मूर्त हुने हो । यसो भएपछि कार्य सफल हुन्छ । चक्रपथ परिक्रमाको विचार अलि अघिदेखि नै आए पनि, मेरो हकमा यो सघन हुन समय लाग्यो । प्रयत्नमा पनि उस्तै समय ।

यसैक्रममा अघिल्लो शुक्रबार (८ चैत) चक्रपथ परिक्रमा गर्ने सोच आयो । शनिबारको समय आफ्नो कार्यालय छुट्टीको दिन, बिदामा सामान्यतया मानिसको भिडभाड कम हुने स्वभाविकता र समय व्यवस्थापन गर्न सकिने भइयो । सबै संयोग मिलेपछि परिक्रमा गर्ने निर्क्योलमा पुगैं । यसमा मौसमको अनुकूलताले समेत साथ दियो ।

लामा यात्रासमेत एक्लै गर्ने बानी परिसकेको मलाई सहरको चक्रपथ परिक्रमा गारो लाग्ने कुरै थिएन । तैपनि, एकजना साथीलाई फोन गरेर योजना सुनाएँ । उनी पनि हिँड्न सहमत भएपछि यात्रा योजना अन्तिम टुंगोमा पुग्यो । घाम लागेपछि या दिउँसो धुलोधुवाँ र प्रदूषण बढ्ने अवस्थाको आकलन गरेर बिहानै यात्रा गर्ने निश्चित गरियो । राति साढे १० बजेआसपास योजना निश्चित भएपछि बिहान पौने ५ बजे नै उठेर तातोपानी पिइओरी यात्राका लागि अघि बढैं ।

दुवैजना भेट भएर बिहान ५:२५ मा पशुपतिनाथ प्रवेश गर्ने द्वार गौशालमा भेटियौं । बसाइँसँगको दूरीअनुकूल स्थान यही गौशालाबाट यात्रा अघि बढाउने भयौं ।

पशुपति दाहिना कि 'क्लकवाइज' !

यात्रामा बिहानी समयलाई शुभ मानिन्छ । दिनको प्रारम्भिक प्रहरमा अवरोध कम हुने, वातावरणीय हिसाबमा शान्त र शारीरिक-मानसिक ऊर्जा पनि तरोताजा हुने हुँदा यसले लक्ष्य प्राप्तिका लागि सहज तुल्याउने इत्यादिका कारणले नै यसलाई शुभ भनिएको हुनुपर्छ । यही शुभ समयमा हाम्रो चक्रपथ परिक्रमा यात्रा अघि बढ्यो ।

सामान्यतया परिक्रमा घडीको सुईअनुकूल (क्लकवाइज) हुने गरी गरिन्छ । तर, हामी जुन बिन्दुबाट यात्रा सुरु गर्न लागेका थियौं । यसमा द्विविधा भयो । पशुपतिनाथलाई दाहिना बनाउने या दाहिने (क्लकवाइज) घुम्ने । यसमा हामीबिच विमर्श भयो । क्लकवाइज घुम्दा पशुपतिनाथ देब्रे पर्ने भए । कुनै तीर्थ या मन्दिर घुम्दा त्यसलाई दाहिने पारेर घुम्ने परम्परा छ । यसैमा त त्यस्तो केही थिएन । अर्को विषय उठ्यो, चक्रपथ विस्तारका कारण धुलो छल्ने उपाय अपनाउनुपर्छ । केही वर्षयता चक्रपथ विस्तार चलिरहेको छ । यो अहिले कलंकी-चाबहिल खण्डमा 'साइट क्लियरेन्स'लगायतको काम भइरहेको छ । जसका कारण त्यो खण्डमा धुलोधुवाँ बढी हुन्छ । बिहानी समयमा चहलपहल बाक्लिनुअगावै यो खण्ड पार गर्न सके धुलोधुवाँबाट जोगिन सकिन्थ्यो ।

अन्ततः पशुपति दाहिना नै भए ! धुलोधुवाँबाट जोगिन चाँडै सडक विस्तार चलिरहेको खण्ड पार गर्ने गरी हामी गौशालाको देब्रेतिरबाट यात्रा अघि बढायौं । झिसमिसेमै यात्रा अगाडि बढ्यो ।

चक्रपथको धुलाम्मे हविगत

गाडीबाट चक्रपथ परिक्रमा नौलो रहेन । तर, हामीले पाइला नापेर चक्रपथ परिक्रमामा अघि बढेका थियौं । सहर परिक्रमाको मूलमार्ग हुँदै यात्रा गरिने भएकाले यसको अवस्था अवलोकन पनि स्वाभाविक रूपमा गरिने भयो । चक्रपथ विस्तारको काम के कसरी भइरहेको छ भन्ने पनि नजिकबाट नियाल्ने मौका भयो ।

गौशाला-चाबहिल खण्ड चक्रपथ साँघुरो लाग्ने स्थान हो । यहाँ न विस्तारको काम नै अघि बढेको छ । चाबहिलबाट अघि बढ्दा बाटो केही चौंडा भए पनि हालत ठिक लाग्दैन ।

धुम्बाराहीबाट केही अगाडि बढ्दा महाराजगन्ज चोकबारीसम्म सडक विस्तारको काम चलिरहेको देखिन्छ । काठमाडौं सडक डिभिजनले यहाँ 'साइट क्लियरेन्स' र विस्तारसहित दायाँबायाँ संरचना निर्माण गरिरहेको छ ।

झलक्क यो देख्दा खुसी पनि लाग्यो कि कम्तीमा सुधारको काम त चलिरहेको छ । कहिले सकिन्छ भन्ने पछिको कुरा । काम नहुनुभन्दा सुरु भएको वा चलिरहेको कामले त्यो लक्ष्य पूरा हुन्छ भन्ने संकेत र उत्साह दिँदो रहेछ । तर, महाराजगन्ज काटेर अघि बढ्दा उस्तै हविगत ! गोंगबु नयाँ बसपार्कदेखि सामाखुसी चोकसम्म आयोजनाले 'साइट क्लियरेन्स'का काम भने गरिरहेको देखिन्छ । नयाँ बसपार्कदेखि कलंकी चोकसम्मैको हालत लगभग उस्तै छ । सडक दायाँबायाँका खाली भागले 'साइट क्लियर' भएजस्तो देखिए पनि काम भइरहेको आभास भएन ।

चक्रपथको यात्रा गर्दा चाबहिलदेखि लगभग कलंकीसम्म नै धुलाम्य स्थिति छ । दिउँसो पैदलै यो खण्ड हिँड्ने कुरा लगभग कल्पनाबाहिरको हो । कलंकी-वसुन्धरा खण्डमा सडकको दायाँबायाँ ट्यাक्सी र सवारीसाधन जथाभावी पार्किङ, माटोसहित निर्माण सामग्री थुपारिएको र अधुरा निर्माणले हेरिनसक्नु कुरूप छ ।

आहा चक्रपथ !

कलंकी चोकबाट अघि बढ्दा भने अलिक फरक महसुस हुन्छ । बल्खुचोकसम्म ठिकै देखिएकामा सानेपा हुँदै अघि बढ्दा भिन्न स्वरूप देखापर्छ । भन्न मन लाग्छ, आहा चक्रपथ ! दायाँबायाँ रुखहरू र बिचमा फूल अनि चिटिक्कको आठ लेन सडक । रुखको छहारी ताप्दै दृश्यावलोकन र पैदल हिँड्न मिल्ने । सानेपादेखि एकान्तकुनासम्मको दायाँबायाँ रुख तथा फूल फुलेका दृश्य र चिटिक्कका सडक हेर्नलायक छन् । आधा घण्टाअघिको कलंकीसम्मको यात्रा र कलंकीपछिको यो हरियाली कतै तुलनायोग्य लाग्दैन ।

लगभग ग्वार्को पुलआसपाससम्मै दायाँबायाँ हरियालीसहितको सडक आनन्ददायक लाग्छ । ग्वार्को चोकमा भने ओभरपास निर्माणका कारण धेरै नै अवरोध भइरहेको छ । लगभग निर्माण सकिएको ओभरपासलाई पुनः भत्काएर नयाँ बनाइँदै छ । जसका कारण आसपास सवारीसाधन र मानिसको आवागमन प्रभावित छ । यसलाई छाडेर बालकुमारी हुँदै कोटेश्वर चोकसम्म अघि बढ्दासम्मको सडक राम्रै देखिन्छ ।

तर, फराकिलो र चिटिक्क सडकमा बाटो काट्न व्यवस्थित संरचना छैन । यसले खल्लो महसुस गराउँछ । सडक पनि एकनास व्यवस्थित छैन । कतैकतै बनाउन लागिएका पुल पनि निर्माणाधीन अवस्थामै अलपत्र छन् । यही आयोजनामा कलंकीको अन्डरपासले भने यातायात आवागमनलाई सराहनीय सुधार गरिदिएको आभास हुन्छ ।

कोटेश्वर चोकबाट तीनकुने, सिनामंगल हुँदै गौशालासम्मको सडकमा पनि चक्रपथ विस्तारको कुनै काम अघि बढेको देखिँदैन ।

आधुनिक यातायात प्रणालीलाई गिज्याउने सवारी व्यवस्थापन : न ट्राफिक लाइट, न जेब्राक्रस

सहरी परिवहन चुस्त हुन व्यवस्थित ट्राफिक प्रणाली चाहिन्छ । यसका लागि ट्राफिक लाइट, जेब्राक्रस, बाटो काट्ने पुल अति आवश्यक पक्ष हुन् । तर, चक्रपथभरि कतै पनि यी पूर्वाधार व्यवस्थित देखिँदैनन् । अधिकांश स्थानमा ट्राफिक लाइट छैनन् भने आवश्यक ठाउँमा समेत जेब्राक्रस छैनन्, भएका पनि मेटिएका छन् । यात्रुलाई सडक पार गर्न अन्डरपास, ओभरपास, आकाशेपुललगायत संरचना पनि पर्याप्त छैनन् । अलि व्यवस्थित देखिएको कलंकी-कोटेश्वर खण्डमा समेत यी पूर्वाधार छैनन् । यद्यपि, केही स्थानमा फ्लाइओभर, आकाशेपुल, जेब्राक्रस बनाइरहेको भने देख्न सकिन्छ ।

अनिश्चितताको भुमरीमा चक्रपथ आयोजना

चक्रपथलाई व्यवस्थित बनाउने गरी यसको विस्तारको काम थालिएको पनि १२ वर्ष कट्यो । तर, आयोजनाको एकतिहाइजति काम मात्र बल्ल सम्पन्न भएको छ । विस्तारको काम कहिले सकिन्छ भन्ने टुंगो त परै जाओस्, आयोजना नै अनिश्चयको भुमरीमा फसेको छ ।

चक्रपथ परिक्रमा गरेपछि मैले सडक विभागअन्तर्गतको काठमाडौं चक्रपथ सुधार योजनाका प्रमुख सिडिई कृष्णनाथ ओझालाई आयोजनाबारे सोधैं । यो आयोजनामा हालसम्म कति खर्च भयो र यो कहिले सकिन्छ भन्नेसम्मको कुनै ठोस जवाफ उनीसँग छैन ।

काठमाडौं-चक्रपथ स्तरोन्नति योजनाको काममा चिनियाँ पक्षलाई काममा सहजता ल्याउने उद्देश्यले १८ पुस ०६९ मा तत्कालीन भौतिक पूर्वाधारमन्त्रीको निर्णय (मन्त्रीस्तरीय)बाट काठमाडौं चक्रपथ सुधार योजनाको स्थापना गरिएको थियो । चक्रपथ आयोजना चीन सरकारको सहायतामा अघि बढेको थियो ।

नेपाल सरकार र चीन सरकारबिच समझदारी (एमओयु) भएर चक्रपथ स्तरोन्नतिअन्तर्गत पहिलो खण्ड (कोटेश्वर-कलंकी)को १०.३५ किलोमिटरको निर्माण सम्पन्न भइसकेको छ । चीनले यो खण्ड २४ पुस ०७५ मा नेपाल सरकारलाई हस्तान्तरणसमेत गरिसकेको छ ।

लगत्तै आयोजनाको दोस्रो खण्ड कलंकी-वसुन्धराको मुख्य सडक पनि चीन सरकारको अनुदान सहयोगमा निर्माण गर्ने गरी 'लेटर अफ एक्सचेन्ज'मा सहमति भएको थियो । आयोजना प्रमुख ओझाका अनुसार दोस्रो खण्डको लम्बाइ ८.२ किमि हो । यो खण्डमा नेपाल पक्षले 'सर्भिस ट्रयाक' बनाउने र बाँकी काम चीन बनाउने सहमति भएको ओझा बताउँछन् ।

आयोजनाको दोस्रो खण्डमा नेपाल सरकारको तर्फबाट सडक सीमासम्बन्धी काम, साविकमा रहेका विद्युत्, खानेपानी, टेलिफोन तथा अन्य संरचना हटाउने, रुख कटान गर्ने कार्य भइसकेको आयोजनाको भनाइ छ । कलंकी-वसुन्धरा पुलसम्मको दुवैतर्फ सर्भिस ट्रयाक बनाउनुपर्नेमा स्वयम्भूसम्म निर्माण सम्पन्न भएको र स्वयम्भूबाट वसुन्धरासम्म चार प्याकेजमा निर्माणाधीन अवस्थामा छ । 'नेपाल पक्षले सर्भिस ट्रयाक मात्रै बनाउने हो, पर्याप्त बजेट पाए यो आर्थिक वर्षमा हाम्रोतर्फको काम सकिन्छ,' आयोजना प्रमुख ओझा भन्छन् ।

» पृष्ठ ४ मा क्रमशः

काठमाडौंको ट्राफिक व्यवस्थापनमा २९ वर्ष बिताएका सीताराम हाछेथूको नजरमा चक्रपथ



सीताराम हाछेथूले काठमाडौं उपत्यकाको ट्राफिक व्यवस्थापनमा लामो समय काम गरेका छन् । पूर्वट्राफिक प्रहरी निरीक्षक हाछेथूले २९ वर्ष ट्राफिक व्यवस्थापनमा काम गरे । हाल उनी ललितपुर महानगरपालिकाको नगरप्रहरी प्रमुखमा कार्यरत छन् ।

०४७ देखि ट्राफिक प्रहरी भएर खटिरहेका हाछेथूको दृष्टिमा त्यतिबेला र अहिलेको काठमाडौं उपत्यकाको ट्राफिकमा आकाश-जमिनको अन्तर छ । '०४८ मा बागमती अञ्चलमा ४८ हजारजति सवारीसाधन दर्ता थिए । अहिले अद्यावधिक तथ्यांक हेर्दा १८ लाख सवारीसाधन बागमती प्रदेशमा दर्ता छन्,' उनी भन्छन्, 'यसैबाट अनुमान गर्न सकिन्छ, काठमाडौंमा सवारी चाप कति छ ।'

सवारीसाधन बढेको तुलनामा सडक विस्तार नभएको उनी बताउँछन् । ०५८ मा हाछेथू कोटेश्वरमा ट्राफिक इन्चार्ज थिए । उनले त्यहाँ ६ वर्ष ट्राफिक व्यवस्थापनमा काम गरे । '०५८ मा कोटेश्वरमा पिकआवरमा प्रतिमिनेट अन्दाजी १५ वटा मोटरसाइकल र १० वटा चारपांग्रे चल्थे । त्यही स्थानमा पुगेर हालै मैले त्यहाँको ट्राफिक चाप बुझ्दा पिकआवरमा प्रतिमिनेटमा ८० देखि १२० मोटरसाइकल र ६० वटासम्म चारपांग्रे गुडेको रेकर्ड गरैं,' उनी भन्छन्, 'सडकको आकारको अनुपातमा सयौं गुणा सवारी संख्या बढेको छ ।' अध्ययनले पिकआवरमा कोटेश्वरमा प्रतिमिनेट ५५ जना यात्रुले बाटो काट्ने देखाएको छ ।

पछिल्ला वर्ष काठमाडौंमा चक्रपथबाहिर सहरीकरण व्यापक फस्टाइरहेको छ । मानिसहरूको बसोवास पनि बढिरहेको छ । तर, उनीहरू व्यवसाय, रोजगारी, अवसर, अध्ययन आदिका हिसाबमा चक्रपथभित्रको कार्यस्थलसँग जोडिएका छन् । आवतजावतका क्रममा उनीहरू चक्रपथसँग प्रत्यक्ष रूपमा जोडिएका छन् ।

काठमाडौं उपत्यकाको जनसंख्या करिब ५० लाख रहेको अनुमान छ । यो जनसंख्याको चहलपहल पनि सडक र ट्राफिक प्रणालीसँग जोडिन्छ । 'जनसंख्याको आकारको तुलनामा सडकको आकार धेरै नै साँघुरो भयो,' हाछेथू भन्छन् ।

सवारीसाधन व्यवस्थापन नै हम्मे भइरहेको अवस्थामा काठमाडौंमा पैदलयात्रीको विषय छायामा परेको छ । हाछेथू भन्छन्, 'पैदलयात्रुको विषय त भनै प्राथमिकतामा छैन । न साइकल लेन व्यवस्थित छ ।'

कवि तथा लेखक प्रगति राईलाई
मन परेका पाँच पुस्तक



पुस्तक पढ्ने कारण व्यक्तिपिच्छे फरक हुन सक्छ। मैले चाहिँ आफूलाई द्विविधाबाट निकाल्न पुस्तक पढ्न थालेको हुँ। कुनै काममा द्विविधा भएमा त्यो सफल हुन सक्दैन। त्यसैले आफ्नो दृष्टिकोण स्पस्ट राख्न, विचारलाई सफा र दरिलो बनाउन अध्ययन आवश्यक हुन्छ। पुस्तकले नभएको ज्ञानलाई उमार्दैन, तर तपाईंमा कुनै ज्ञानको बिज छ भने त्यसलाई हुर्कन, बढ्न र फैलन मद्दत गर्छ। तर, जतिसक्दो पढ्नु भन्ने मान्यताले मान्छेलाई ओभरलोड दिन्छ। एउटा मान्छेले एउटा मात्र काम राम्रो जानेको छ भने त्यसबाट समाजलाई पनि मनग्य सहयोग पुग्छ। त्यसकारण भेटेजति सबै पुस्तक पढ्नैपर्छ भन्ने छैन।




● **भाग्यवाद र विकास** : यो पुस्तक मानवशास्त्री डोरबहादुर विष्टले लेखेका हुन्। पुस्तकमा शासकहरूले कसरी कमजोर मान्छेलाई अछुत बनाएर जातीय पिरामिड उठाए भन्ने उल्लेख छ। शासकलाई खुसी पारे ठुला जात हुने र बेखुस भए जात जाने नियम बनाएका रहेछन्। त्यसको आडमा समाजमा विभाजन ल्याई शासन गरेका रहेछन्। एक पुस्तालाई अछुत/दलित बनाई उसका दरसन्तानलाई युगौंदेखि थिचोमिचो गरेका छन्। त्यसमाथि मान्छेको ठुला या साना जात हुने भाग्यको भरमा हुन्छ, जन्मँदै उच्च र निच जात हुन्छ, ब्राह्मण पुजे अर्को जन्ममा ठुला जात भइन्छ भन्ने खालका भ्रमपूर्ण जालको पर्दाफास पुस्तकमा छ।



● **ब्लु प्लानेट** : यो 'कथासंग्रह' विजय हितानले लेखेका हुन्। मानिसले आफ्नो खुसीका लागि बोटबिरुवालाई कसरी जथाभावी प्रयोग गरेका छन्, वातावरण बिगार्न कस्ता काम भइरहेको छ भन्ने पुस्तकमा उल्लेख छ। जस्तो कि, देवताका नाममा हरेक बिहान सयौं फूलहरूको हत्या हुन्छ। प्रेमका नाममा कैयौं गुलाफको नाश हुन्छ। विवाह, समारोहको नाममा फूलको नाश भएको छ। त्यसो गर्नुको सट्टा एक थुंगा लिए पनि आखिर जनाउने भावमा कमी आउनेछैन। जल, जमिन, पृथ्वी र सबै प्राणीको बराबर अधिकार छ। त्यसैले प्राणीमाथि घात गर्नुहुँदैन भन्ने कुरा पुस्तकले पढाउँछ।



● **द सेकेन्ड सेक्स** : सिमोन द बोउआरले यो पुस्तक लेखेकी हुन्। पुस्तकमा महिलाहरू पनि सम्पत्तिका हकदार हुन्। उनीहरूले पनि चुलोचौको छाड्नुपर्छ भन्ने सिद्धान्त उल्लेख छ। लेखकको व्यक्तिगत जीवनले पनि यो कुरा बताउँछ। उनले एउटै पुस्तकले चार-पाँच पुस्ता धानिदिने गरी लेखेकी छिन्। त्यो जमानामा उनको विचार ठिक थियो। जतिवेला महिलाहरू भान्सा सम्हाल्ने र बच्चा जन्माउने मेसिनका रूपमा मात्र सीमित थिए। पुस्तकमा पुरुषले कति कुरूप तरिकाले महिलाको चित्रण गरेका छन् भन्ने पढ्न पाइन्छ। यसै विचारलाई अँगाल्दै पारिजातको 'शिरीषको फूल' उपन्यास आयो। जसले गर्दा बाल्यकालदेखि बुढेसकालसम्म चुलामा पिल्सिएका आमा, दिदी-बहिनीहरूले राहत पाए। त्यसैले सिमोनीय विचारअनुसार महिलाले सम्पत्तिमा अधिकार जमाउनुपर्छ भन्ने सिद्धान्तमा टेकेर मैले पनि छोरीलाई वंशको अधिकार दिनुपर्छ भन्ने गरेको छु। वंशसँगै अंश पनि विरासतमा आएमा बल्ल सम्पत्तिको बाटो बन्छ। अनि महिलाले चुला छाड्छन् भन्ने मान्यतालाई परिमार्जन गर्दै मैले चुला महिलाको सत्ता हो भन्दै आएको छु। यसलाई छाड्ने होइन, पालो लिने हो। घरका सबै सदस्य मिलेर आलोपालो भान्सा हराभरा बनाउने हो। स्वस्थ खाना नै स्वस्थ जीवनको आधार हो भनेर मैले 'थाङ्ग्रा' उपन्यासमा लेखेँ। महिलाले पुरुषजस्तो बन्नुपर्छ भन्ने सिद्धान्त गलत छ। महिलाले महिलाजस्तै भएर जिउन पाउनुपर्छ। नरम स्वभाव, आभूषण मनपराउनु महिलाको स्वाभाव हो, यसलाई मार्न हुँदैन।



● **अफगानी रणमैदान** : यो पुस्तक केदार सुनुवारले लेखेका हुन्। यसमा पूरै युद्धको कथा छ। पुस्तकमा अमेरिकाले अफगानिस्तानमा सुरक्षाको नाम दिएर कसरी हैकम जमाएको छ भन्ने उल्लेख छ। कथासँगसँगै लेखक स्वयं अमेरिकाको तर्फबाट युद्धमा होमिएको यथार्थ घटना छ। त्यहाँका जनताको दुःख, सेनाबाट तर्सिएका जनता, यी सबैको दुःख पढिरहँदा लाग्छ, युद्धले मानिसलाई विनाकारण दोषी बनाउँछ। केही सनकी व्यक्तिको सनकमा धेरै मानिस अनाहकमा दोषी करार हुन्छन्। मानिसले आलोपालो आगोपानी हुन सिक्ने हो भने युद्ध हुनुपर्ने कुनै कारण देखिँदैन।



● **नवयुगकी सुम्निमा** : कवि शकुन आँशुले लेखेको यो कविता संग्रह मैले भर्खरै पढिसकेँ। संग्रहमा समय यात्राका २७ वटा र वैचारिक कविता सिली सिलसिला नाममा १५ वटा कविताहरू छन्। अगाडिका कवितामा प्रेमको भाव बगेको छ। अरू जीवनवादी मिठा कविता छन्। प्रेमको कविता धेरै रहेको संग्रहमा एउटै परिकारलाई फरक-फरक भाँडामा भाग लगाइएजस्तो प्रेम नै प्रेम देखिन्छ। त्यो पनि मान्छेसँगका प्रेम। प्रेम त प्रकृति, जीवजन्तुसँग पनि हुनुपर्ने हो। त्यो त छैन। तर, कवितामा बिम्बहरू कति मिठो गरी तानेको रहेछ। बिम्बहरूकै लोभमा सबै कविता पढिसकिन्छ। दोस्रो भागमा वैचारिक कविता छन्। जसका शीर्षकले नै सामाजिक, राजनीतिक र लैंगिक असमानताको तितो गन्ध दिन्छ। कवि शकुन डेढ दशक कोरियामा बसेर भर्खरै फर्केका कारण कोरियाको जनजीवनमा आधारित धेरै कविता छन्। कोरिया बसी फर्केकालाई नोस्टाल्जिक बनाइदिन्छ भने कोरियाको सपना देख्नेहरूलाई त्यहाँको यथार्थ बताइदिन्छ। कविता साँच्चै मिठा छन्। धेरै विषयलाई छोटोछोटो छुवाइले मात्र लेखिएका कविता अल्पायुको हुन्छ। कुनै एक विषयमाथि गहिरो डुबेर लेखिएका कविताको आयु अनन्त हुन्छ। अब कविले समय लगाएर त्यस्ता कालजयी कविता पनि लेखून्।





नेवाः संस्कृति चिहाउन
ज्यापू संग्रहालय

संग्रहालयमा १४ प्रकारका माटो देख्न सकिन्छ। कुनै समय माटोमै जीवन व्यतीत गर्ने अर्थात् कृषि पेसामा आबद्ध ज्यापू समुदाय र माटो पर्याय नै थियो।

संस्कृति



● शान्ति तामाङ

● शान्ति तामाङ

पाटन भोलढोका पुग्ने जोकोहीका आँखा कलात्मक ज्यापू प्रज्ञा भवनमा पर्छ। नेपाल भाषा, नेपाली भाषा र अंग्रेजीमा लेखिएको छ, ज्यापू प्रज्ञा भवनको ठुलो बोर्ड, जुन सडकबाट प्रस्टै देखिन्छ। प्रज्ञा भवनभित्र छिर्नेबित्तिकै विभिन्न कार्यक्रम गर्न सकिने तीन सयजना अट्ने क्षमताको हल देख्न सकिन्छ। संग्रहालयको भेउ कसैगरी पाउन सकिन्न। यसका लागि हलको बायाँतर्फ अगाडि बढेर एक तला झर्नुपर्छ। त्यसपछि भने ज्यापू संग्रहालय देख्न सकिन्छ। संग्रहालय छिर्ने ढोकैमा रातो मच्छिन्द्रनाथको लिंगोको ठुलो तस्बिर छ। त्यसपछि भित्र धेरै महत्त्वपूर्ण सामग्री छन्, जुन नेवाः संस्कृति र इतिहासबारे चासो राख्नेहरूका लागि महत्त्वपूर्ण गन्तव्य हुन सक्छ।

मच्छिन्द्रनाथको लिंगोपछि संग्रहालयमा १४ प्रकारका माटो देख्न सकिन्छ। कुनै समय माटोमै जीवन व्यतीत गर्ने अर्थात् कृषि पेसामा आबद्ध ज्यापू समुदाय र माटो पर्याय नै थियो। रातो, खैरो, सेतो, कालो माटो गरी १४ प्रकारका माटो संग्रहालयमा देख्न सकिन्छ। ती माटो पाटन क्षेत्रकै विभिन्न ठाउँबाट संकलन भएको हो। खेती हुने जमिनमा घर बनेपछि हामी को हौं र कस्ता थियौं भन्ने देखाउन माटो संकलन गरी राखिएको संग्रहालयका व्यवस्थापक विनोद अवालेले बताए।

'किसानले खेती गर्न छाडे। अब आउने पुस्तालाई हामी को थियौं ? कस्ता थियौं ? हाम्रा पुस्ताले कस्ता संघर्ष गरे ? कृषिबाट कसरी जीविकोपार्जन गरे ? भनेर देखाउन माटो संकलन गरिएको हो,' अवालेले भने, 'अब जग्गा छैन। खेतिपातीबारे अबका बालबालिकालाई जानकारी नै छैन। यहीकारण संग्रहालयबाट भए पनि सन्देश दिनुपर्छ भनेर माटोको संकलन गर्न उपयुक्त ठान्यौं।' उनले भनेअनुसार नै संग्रहालयमा धान रोप्नेदेखि भित्र्याउनेसम्मको चरण देख्न सकिन्छ। उनका अनुसार सुरुवाती दिनमा पुराना सामग्री उपलब्ध गराउन टोलटोलमै गएर आग्रह गरिएको थियो। 'कपडा बुन्ने तान, थाङ्का धेरै ठाउँमा थिए। कतिपयले यस्ता पुराना सामग्रीको महत्त्व नबुझेर फाल्नेसमेत गरेका रहेछन्। त्यसैले सुरुवाती दिनमा टोलटोलमै गएर पुराना सामग्रीको महत्त्व बुझाएर संकलन गरेका थियौं,' अवालेले भने।

संग्रहालयमा तीन सय वर्ष पुराना सामग्री

ज्यापू संग्रहालय भनिए पनि यहाँ समग्रमा नेवाः समुदायको जन्मदेखि मृत्यु संस्कारसम्मका लागि आवश्यक सामग्री देख्न सकिन्छ। नेवाः समुदायले विभिन्न प्रयोजनका लागि प्रयोग गर्ने मल्लकालदेखिका सामग्री संग्रहालयका विशेषता हुन्। विभिन्न

साप्ताहिक राशिफल

१६ चैत (शनिबार)
२२ चैत (शुक्रबार)



● सुरेशचन्द्र रिजाल
ज्योतिष तथा वास्तुविद्। मो : ९८५१०६११२४

मेष

(चु, चे, चो, ला, लि, लु, ले, लो, अ)

काम गरेर अरूलाई प्रभावित पार्ने समय छ। नयाँ काम थालनी होला। प्रतिष्ठित काम गर्ने मौका मिल्नेछ। विद्यामा पनि प्रगति हुनेछ, कुनै नयाँ उद्योगधन्दा वा व्यवसायको थालनी गरेमा व्यावहारिक रूपमा फाइदा पुग्नेछ। उपलब्धिमूलक यात्रा हुने योग छ। मनपर्ने व्यक्तित्वसँग सहकार्यको वातावरण बन्नेछ। वैदेशिक यात्रामा सफलता मिल्नेछ।

वृष

(इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)

राजनीति तथा नोकरीमा सोचेअनुसार लाभ मिल्नेछ। विशिष्ट व्यक्तित्वसँग भेटघाट हुनेछ। पारिवारिक जमघटमा मन रमाउनेछ। व्यावसायिक काममा सामान्य फाइदा उठाउन सकिनेछ। नयाँ पारिवारिक सम्बन्ध अगाडि बढ्नेछ। खेलकुदका क्षेत्रबाट सोचेअनुसार सफलता मिल्नेछ। बिहीबार एवं शुक्रबार भने इष्टदेवको पूजा-उपासना गरी अगाडि बढ्दा फइदा हुने देखिन्छ।

मिथुन

(का, कि, कु, घ, ङ, छ, के, को, ह)

चोटपटक लाग्ने सम्भावना छ। कामको दायित्व बढ्नेछ। शत्रुहरूको चलखेल बढ्नाले केही अप्ठ्यारोमा परिने सम्भावना देखिन्छ। व्यापार तथा उद्योगतर्फ फाइदाको योग बनेको छ। आम्दानी बढ्ने र फाइदा उठाउने समय छ। परिवारजन तथा आफन्तको सहयोग मिल्नेछ। कर्म गरेबापत राम्रै सफलता मिल्नुका साथै सहयोगीहरूको साथ पूर्ण रूपमा मिल्नेछ।

कर्कट

(हि, हु, हे, हो, डा, डि, डु, डे, डो)

सामाजिक कार्यमा जुट्नुपर्ने योग छ। आम्दानीमा कमी आउनेछैन। पारिवारिक जीवन सामान्य र सन्तोषप्रद रहनेछ। अभिभावकवर्ग, गुरुजन र ठुलाबडाको आशीर्वाद प्राप्त भएमा कार्य सम्पन्न हुनेछ। धार्मिक कार्यमा सरिक हुने अवसर मिल्नेछ। घरमा नयाँ सदस्यको आगमनले मनमा उत्साह थपिनेछ। पारिवारिक भेटघाटमा समय बिल्नेछ। नयाँ योजना सफल हुनेछन्।

सिंह

(मा, मि, मु, मे, मो, टा, टि, टु, टे)

हात लागिसकेको काम फुत्कने सम्भावना छ। पठनपाठनमा राम्रो प्रगति हुनेछ। आर्थिक पक्ष सबल बन्नेछ। मंगलबारदेखि भने प्रयत्नले महत्त्वपूर्ण काम बन्नेछन्। धन आर्जन हुने योग रहेकाले लगानी गर्दा फाइदा पुग्नेछ। काममा सहयोगीहरूको साथले सोचेजस्तै सफलता मिल्नेछ। प्रतियोगितामा सफलता मिल्ने योग रहेकाले सहभागी हुँदा सम्मान बढ्नेछ।

कन्या

(टो, प, पि, पु, ष, ण, ठ, पे, पो)

साता सोचेअनुसार नै अगाडि बढ्नेछ। प्रेममा सफलता प्राप्त हुने योग छ। सामान्य विवादले ठुलो रूप लेला तर पनि तपाईंकै विजय हुनेछ। सरकारी जागिरेका लागि उपयुक्त समय आएको छ। कतै छोटो दूरीको विशिष्ट र लाभदायी यात्रा पनि हुन सक्छ भने अन्यायमा परिने योग रहेकाले विशेष सावधानी अपनाउनुपर्नेछ। गुमेको धन आर्जन हुने योग छ।

तुला

(र, रि, रु, रे, रो, ता, ति, तु, ते)

आर्थिक समस्याले संकट उत्पन्न गर्न सक्छ। रकमको कारोबार र लेनदेनमा विवाद आउन सक्छ। जुवातास र सट्टाबाजीबाट जोगिनोस्। नचाहेको जिम्मेवारी वहन गर्नुपर्ने हुन सक्छ। परिवारका कुनै सदस्यको अस्वस्थताका कारण चिन्तित हुने सम्भावना छ। व्यापारमा केही कठिनाइ आउनेछ। अधुरा काम बन्ने तथा नयाँ काम पाउने योग छ।

वृश्चिक

(तो, ना, नि, नु, ने, नो, या, यि, यु)

मानसम्मानमा वृद्धि हुनेछ। महत्त्वपूर्ण ठाउँमा बोली बिक्नेछ। बौद्धिक चिन्तन वा विचारले धेरैलाई आकर्षण गर्ने समय छ। प्रशंसकहरू बढ्नेछन्। सहयोगीहरूले काममा साथ दिनेछन्। घरजग्गा जोड्ने समय छ। प्रयास गर्दा सफलता पाउनुहोला। पढाइमा रुचि बढ्नेछ। बौद्धिकता बढ्नेछ। धर्ममा रुचि बढ्नेछ। राज्यबाट सम्मान पाउने योग छ।

धनु

(ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)

विशेष काम बन्ने समय छ। तपाईंका प्रशंसक थपिनेछन्। उद्योग-व्यवसायमा पनि सोचेअनुसार सफलता मिल्नेछ। व्यापार व्यवसायबाट प्रशस्त आर्थिक लाभ मिल्ने देखिए पनि सोचेअनुरूपका काम नबन्नाले चिन्तित रहनुपर्ने देखिन्छ। गलत विचार बढ्ने, खर्च बढ्ने, विवाद बढ्ने, काममा अवरोध आउने र मनमा चिन्ता बढ्ने योग भएकाले संयमता अपनाउनु पर्नेछ।

मकर

(भो, ज, जि, खि, खु, खे, खो, गा, गि)

विशेष व्यक्तित्वसँग भेटघाट हुनेछ। दाम, इनाम र प्रतिष्ठा कमाउने समय छ। प्रशंसकहरू बढ्नेछन्। सानातिना घरेलु समस्यामा अल्झनुपर्ने देखिन्छ। सवारीसाधनबाट विशेष सावधानी अपनाउनुका साथै वैदेशिक यात्राका लागि गरिएको प्रयास सफल हुनेछ। राज्यले तपाईंको इमानदारिताको राम्रो मूल्यांकन गर्नेछ। शरीरमा चोटपटक लाग्न सक्छ।

कुम्भ

(गु, गे, गो, सा, सि, सु, से, सो, द)

समाजसेवा गर्दा प्रशंसा प्राप्त हुने योग छ। अरूले गरेका कामको गुणदोष सबैको जिम्मा लिनुपर्नेछ। भाग्यले साथ दिनेछ। ठुला व्यक्तिबाट मानसम्मान पाउने सम्भावना छ। विश्वास गरेकाले नै धोका दिन सक्ने भएकाले संयम हुनुहोला। पारिवारिक जमघट हुने योग छ। सहयोगीले साथ दिनेछन्। कर्मयोगमा अभिवृद्धि हुनेछ। पराक्रम बढेर जानेछ। आम्दानी पनि बढ्नेछ।

मीन

(दि, दु, थ, झ, ञ, दे, दो, च, चि)

सानातिना घरेलु समस्यामा अल्झनुपर्ने देखिन्छ। सवारीसाधनवाट विशेष सावधानी अपनाउनुपर्ला। आकस्मिक खर्च बढ्नेछ। पढाइमा सफलता राम्रै मिल्नेछ। अरूको मन जित्न सकिनेछ। अरूबाट प्रशंसा पनि पाउनुहोला। ठुला व्यक्तिको विश्वासको पात्र भई अगाडि बढ्ने अवसर मिल्नेछ। वैदेशिक क्षेत्रबाट प्रशस्त फाइदा उठाउने मौका छ। भेटघाटमा मन रमाउनेछ।

पैदलै...

पृष्ठ ३ बाट क्रमशः

तर, चिनियाँ पक्ष भने आयोजना निर्माणबाट विमुख भएकोजस्तो देखिन्छ। आयोजना प्रमुख ओझाका अनुसार कोभिड महामारीपश्चात् चिनियाँ पक्षले काम गरेको छैन। 'दोस्रो खण्डमा चिनियाँ पक्षले डिपिआर र डिजाइनिडका लागि परामर्शदाता छनोट भएको सुनिएको छ,' ओझा भन्छन्, 'यसभन्दा बढी थाहा छैन।' दोस्रो खण्डको काम अघि बढाउन चिनियाँ पक्षको आनाकानी र बाँकी रहेको वसुन्धरादेखि कोटेश्वरसम्मको खण्डमा त प्रवेश नै नगरेबाट चक्रपथ विस्तार योजना अन्योलको भुमरीमा परेको प्रस्ट हुन्छ।

२७ किलोमिटरमा ३४ हजार पाइला

हिँड्दा धेरै कुरा त सोचिँदैन। तर, चक्रपथ परिक्रमा गर्दा भने यसलाई रेकर्डमा राख्ने विचार आयो। त्यसैले यात्रामा निस्किनुपूर्व मोबाइलमा 'स्टेप ट्र्याकर' डाउनलोड गरेँ, ताकि कति हिँडियो र समयको रेकर्ड रहोस्।

गौशालाबाट सुरु गरेको यात्रा गौशालामै आएर टुंगिदासम्म 'स्टेप ट्र्याकर'ले देखाएअनुसार करिब २५ किलोमिटर हिँडिएछ। तर, यो चक्रपथको पूरा लम्बाइभन्दा कम देखिन आयो।

काठमाडौं चक्रपथ सुधार योजनाका अनुसार चक्रपथको कुल लम्बाइ २७.२ किलोमिटर हो। पैदलमा यो लम्बाइ पूरा देखिएन। हुन सक्छ, हामी सडकको भित्री घेराबाट हिँड्दा दूरी कम देखिन आयो। चक्रपथलाई पूरा



१. कृषि पेसामा आबद्ध ज्यापू समुदाय र माटोको सम्बन्धलाई देखाउन संकलन गरिएको माटोका प्रकार

२. लुगा बुनेर लगाउनका लागि प्रयोग गरिने हातेतान

३. खेत खन्दै गरेका र कोदाली बोकेर खेत जाँदै गरेका कृषक

४. नेवाः समुदायको महत्त्वपूर्ण पर्व रातो मछिन्द्रनाथको जात्रा

५. गोवर्द्धन पूजाको अघिल्लो दिन गरिने म्हःपूजा

६. बागमती सभ्यता र नेवाः समुदायबिचको सम्बन्ध देखाउन राखिएको ढुंगेधारा र काठको पुल

तस्बिर : दिपेन्द्र ढुंगाना



४



५



६

चक्रपथबाहिरका बागडोल, चक्रपथभित्रका शंखमूलदेखि लगनखेल र पुल्चोकदेखि ग्वार्कोसम्मका ४० वटा टोलबाट ती सामग्री संकलन गरिएका हुन् । ती सबै सामग्री स्वस्फूर्त रूपमा स्थानीयले उपलब्ध गराएका हुन् । संग्रहालयमा भएका ९० प्रतिशत सामग्री टोलबाट नै उपलब्ध भए भने माटोका भाँडालगायत १० प्रतिशत सामान संग्रहालयले किनेको हो ।

अहिले पनि स्थानीयले आफूसँग भएका पुराना सामग्री संग्रहालयलाई प्रदान गर्न वेलावेलामा पत्र आउने गरेको छ । 'पुराना सामान अहिले पनि संकलन गरिरहेका छौं । पुराना सामान छन् भने हामीलाई सम्झनू भन्छौं । टोलको प्रतिनिधिमार्फत भनिरहेका छौं,' उनले भने । संग्रहालयभित्रै पनि 'कसैको घरमा ज्यापू संग्रहालयमा राख्न योग्य पुराना सामान भएमा सम्पर्क गर्नुहोला' सम्पर्क नम्बरसहित भित्तामा टाँसिएको छ । यसरी संकलित केही सामग्री ठाउँअभावमा अझै व्यवस्थित हुन सकेका छैनन् । संग्रहालय थप विस्तारका लागि काम भइरहेको छ । तर, संग्रहालयका लागि बजेट व्यवस्थापन चुनौती बनेको छ । वार्षिक रूपमा ललितपुर महानगरपालिकाले १० लाख उपलब्ध गराए पनि त्यो रकम अपुग भएको संग्रहालयले जनाएको छ । संग्रहालयमा अध्ययन, अनुसन्धानमा रुचि हुने, नेवाः समुदायबारे जिज्ञासु, विद्यार्थी र जातीय संग्रहालय स्थापनाका लागि काम गर्ने व्यक्तिहरू अवलोकनकर्ताका रूपमा आउँछन् । उपत्यकाबाहिर केहीले यही संग्रहालय हेरेरसमेत संग्रहालय बनाउने काम गरिरहेका छन् ।

संग्रहालय विस्तारका लागि ज्यापू समाजले विभिन्न उपसमितिसमेत बनाएको छ । समाजले दीर्घकालीन योजनाअनुरूप दक्षिण एसियालीस्तरको संग्रहालय बनाउने योजना बनाएको छ । 'हामीसँग अझै थुप्रै सामान छन् । जसले नेवाः रहनसहन, रीतिरिवाज, संस्कृति झल्काउँछन् । त्यसैले, यसको स्तरवृद्धि गरेर साउथ एसियन लेभलको बनाउने योजना छ,' अवालेले भने ।

२५ भदौ ०५१ मा समाजको स्थापना भएर विभिन्न काम गरे पनि संग्रहालयका लागि सामान संकलन भने ०६९ सालबाट मात्र भएको हो । ज्यापू समाज ०६५ सालमा भोलढोका सज्यो । त्यसपछि नेवाः संस्कार, संस्कृति झल्कने र १२ महिना नै मनाइने चाडपर्वमा प्रयोग हुने सामग्री संकलन गर्न थालिएको हो । ०६९ देखि भने संग्रहालय औपचारिक रूपमा सञ्चालनमा आयो ।

समयमा भान्छामा प्रयोग हुने सामान, खेतबारीमा प्रयोग हुने औजार, सन्दुक, कपडा बुन्ने औजार, बाजागाजा, जात्रापर्वलगायत दैनिक जीवनयापनका क्रममा प्रयोग हुने पुराना सामग्री पनि संग्रहालयमा छन् ।

चखियामै पहिचान पुरस्कार वितरण किन ?



● चन्द्र रानाहँछा

वसन्तयामको मध्यतिर, फूलहरूको मौसमबिच कुनै विशेष साइत जुराएर चखिया डाँडामा पुग्नैपर्ने हुन्छ । सुप्रसिद्ध मुन्दुम पथको दायाँ काखमा अवस्थित खोटाङ र भोजपुरको संगमस्थल चखियाको दर्शन र मिथ अनेकौं छन् । त्यही मिथकीय भूमिको मनोरम आँगनमा नेपालकै सर्वाधिक ठुलो राशिको पहिचान पुरस्कार कोषका संस्थापक एवं वरिष्ठ युद्ध साहित्यकार काङमाङ नरेश राईले हामीलाई पर्खिरहेका हुनेछन् ।

पहिचानको आन्दोलनलाई सघाउ पुऱ्याउने गरी सीमान्तमा पारिएका वर्ग तथा समुदायका अधिकार र पहिचानका मुद्दालाई केन्द्रमा राखेर लेखिएकामध्येबाट एक वा दुई उत्कृष्ट कृतिलाई छनोट गरी सालन्ने पुरस्कृत गर्दै लैजाने उद्देश्यअनुरूप काङमाङ नरेशकै पहलमा सन् २०१५ (०७२) मा पहिचान पुरस्कार स्थापना भएको थियो । बेलायतमा स्थापित यो पुरस्कार सुरुका केही वर्ष काठमाडौंमै भव्य समारोहबिच प्रदान गरियो । लेखक राजन मुकारुङकृत कृति 'फेरिँदो सौन्दर्य'लाई ०७२ को पहिलो पहिचान पुरस्कार प्रदान गरिएको थियो । यो पुरस्कार सर्वत्र चर्चा र खुल्दुलीको विषय बन्न पुग्यो । त्यसपछि ०७३ मा कवि एवं कलाकार स्व. अर्जुन खालिङकृत कृति 'गोयाङको सुगन्ध'लाई पुरस्कार प्रदान गरियो । त्यसपछि ०७४ मा लेखक एवं पत्रकार यज्ञशको 'भुइयाँ' र ०७५ मा लेखक सरस्वती प्रतीक्षाकृत कृति 'नथिया' साथै उन्मुक्त पुस्ताकृत 'आफर'ले यो पुरस्कार संयुक्त रूपमा बाजी माऱ्यो ।

संस्थाको विधानअनुसार ०७६ मा वरिष्ठ साहित्यकार एवं विचारक खगेन्द्र संग्रौलालाई संस्थाद्वारा सम्मान गरिएसँगै पुरस्कार कोषका संस्थापक काङमाङ नरेश राई कसोकसो आफ्नो थातथलो सम्झेर बेस्सरी दुखे । त्यसपछि पुरस्कार बोकेर उनी लागे चखियातिर । तब हाम्रा हार्दिक पाइलाहरूले उनको पदचापलाई नपछ्याई धरै पाएनन् । हक्की, स्पष्ट स्वभाव र सहयोगी भावनादार काङमाङ नरेश ताल होइन, चाल हेरेर मान्छेका संगत गर्छन् । सोही संगतका आधारमा कार्यक्रमको भूमिका बाँडफाँड हुन्छ । यसकारण की संस्थाको गरिमामा तब साँध लाउँदै लानुछ उनलाई । चार वर्षदेखि खै के जोजन मिलेर हो ? ममा पनि एउटा जिम्मेवारी आइलागेको छ, आयोजकका आँखामा परेका अतिथिगणलाई चखियामा सकुशल अवतरण गराउनुपर्ने हुन्छ ।

०७८ मा संयुक्त रूपमा पुरस्कृत गरिएका कृति 'पथेर'का लेखक श्याम शाह र अर्का कृति 'कदम'का लेखक अनन्त वाग्लेलाई बोकेर गुडेको गाडीले साँगा भञ्ज्याङ छाड्दै गर्दा प्रमुख अतिथिका रूपमा सँगै थिए, लेखक खगेन्द्र संग्रौला । ०७९ मा यो पुरस्कार स्रष्टाद्वय अर्जुनबाबु माबुहाङ र अमित थेबे मिहाङकृत कृति 'सिरिजङ्गा,' फाल्गुनन्द र इमानसिंह चेम्जोङको लेखोट साथै कविता राईकृत कृति गुरुको पोल्टोमा पुग्यो । प्रमुख अतिथि थिए, नेपाल प्रज्ञा प्रतिष्ठाका कुलपति भूपाल राई ।

यसैगरी, गतवर्ष अर्थात् ०८० को पुरस्कार पनि खगेन्द्र संग्रौलाकै हातबाट लेखक प्रगति राईकृत कृति 'थाङ्ग्रा' र लेखक एवं पत्रकार प्रकाश गुरागाईंकृत कृति 'जङ्क्सन पिपलबोट'लाई संयुक्त रूपमा प्रदान गरिएको थियो । यस वर्ष अर्थात् ०८१ को पुरस्कार नेपाल प्रज्ञा प्रतिष्ठान, मातृभाषा विभाग प्रमुख एवं पहिलो पहिचान पुरस्कार प्राप्त लेखक राजन मुकारुङको प्रमुख आतिथ्यमा ५ चैत मंगलबार कवि तथा पत्रकार राजु स्याङ्तानकृत कृति 'ओ पेङ्दोर्जे'लाई प्रदान गरिएको हो । तथापि, अलिकन मज्जा महसुसचाहिँ यति भव्य समारोहमा पुरस्कृत स्रष्टा स्वयं उपस्थित नहुनुले गरायो । छोरा बिरामी भएका कारण उपचारको सिलसिलामा भारतको दिल्लीमा रहेका उनको पुरस्कार प्रतिनिधिका रूपमा मैले ग्रहण गरिदिनुपऱ्यो । राजुजीलाई पुनः बधाई भन्दै बाबुको शीघ्र एवं पूर्ण स्वास्थ्यलाभको कामना गर्छु ।



०८१ को पुरस्कार नेपाल प्रज्ञा प्रतिष्ठान, मातृभाषा विभाग प्रमुख एवं पहिलो पहिचान पुरस्कार प्राप्त लेखक राजन मुकारुङको प्रमुख आतिथ्यमा ५ चैतमा कवि तथा पत्रकार राजु स्याङ्तानकृत कृति 'ओ पेङ्दोर्जे'लाई प्रदान गरिएको हो ।

यसपटकको पुरस्कार वितरण समारोहलाई ताकेर काठमाडौंबाट छुट्टेका टोलीमा वरिष्ठ गीतकार एवं संस्कृतिकर्मी शुभ मुकारुङ, गीतकार दिलीप राई सगरलगायत थियौं । कविहरू बोकेर काठमाडौंबाट हुइँकिएको गाडी रोशी खोलाका कुइनेटाहरू छिचोलेर सुनकोसीका निला छालहरू पछ्याउँदै पुल तरेर ओखलढुंगाको हिले भञ्ज्याङ पुग्दै गर्दा पूर्वीतिरबाट कविहरू मुनाराज सेर्मा, हाङ्युग अज्ञात, सुमित्रा बाङ्देल चेली, विराट् किराँती, देवान किराँती, साङसेन पन्धाक, रुमानी कुलुङ, सुरेन्द्र राई, कृष्ण बराल, सेलिङ केसी, केजी सुब्बा, प्रकाश दिप्साली, मुकुन्द प्रयास, ओम डिसीआर, दीपा मग्राती, अभागी थेगुवा, सुष्मा दाहाललगायतलाई बोकेर चखिया हाँकिएको गाडी उस्तै समयमा अरुण तेरेर भोजपुर लाग्दै गरेको भन्ने कविहरूको तात्तातो पोस्ट देख्दा वास्तवमा चखिया फगत डाँडा नभएर एउटा ठुलो धाम बनिरहेको प्रतीत भयो ।

हलेसीपार गरेर आदिम किरात चेलीहरूले मानवजीवनका सभ्यता र सिपको सुरुवात थालेका पुज्यस्थल तायाचुङ डाँडाको काखैकाख गाडी हुइँकिन थालेसँगै कार्यक्रमस्थलबाट काङमाङ नरेशको फोन आउन थाल्छ ।

कहाँ आइपुग्नुभो बाङ्ग ?

हामी अहिले अर्खौंले भतिज ।

भनेपछि सरासरी आउनुभो भने अब अढाई घण्टा लाग्छ तपाईंहरूलाई ।

०००

दिक्तेल, भुलभुले, बानाचुङ, लामाखु हुँदै मुन्दुमीखोला साप्सु तरेर उकालिएको हाम्रो गाडी सम्भावित समयमै चखियाको रिमाचुङ र सिलिचुङ होटलको ठिक अगाडि रोकिँदा चिमालको फूलझैं रंगिन्छ मन । उता कार्यक्रमको धपेडी, थकान र जिम्मेवारीबोधले गलेका कवि काङमाङ नरेशको अनुहारमा हामी पुग्नासाथै गज्जबको चमक छाउँछ । त्यसपछि त कवि कविता राईको आग्रहमा सामाजिक, सांस्कृतिक अभियन्ता पाविहाङ राई भर्नौं या झापाबाट आएका कवि विराट् किराती अथवा काठमाडौंबाट पुगेका चन्द्र रानाहँछाले पलेटी कसेसँगै जुहारी गीतको माहोल तात्न सुरु भइहाल्छ ।

भोलिपल्ट नमुना होटेलको हलमा जब ब्यानर टाँगेर जीवन किराँतीले समारोह सञ्चालनका लागि माइक समात्छन्, त्यो क्षण यसै भावमय र आफैंमा ध्वनिमय बनिदिन्छ । मुन्दुमी थलोमा वितरित पहिचान पुरस्कारद्वारा पुरस्कृत जुनसुकै स्रष्टाका संस्कृतिलाई पुजेर समारोहको शुभारम्भ गर्नु यस पुरस्कार कोषको अर्को विशिष्टता हो ।

काङमाङ नरेश राई आफ्नो माटोमा भावुक उभिएर आजको सत्य उप्काउँछन् । म यो देशको नागरिक, जहिल्यै देश सम्झिएर रुन्छु । तर, मेरो घरमा यतिखेर दुइटा देश छ, नेपाल र बेलायत । चिन्ता लाग्छ, मपछि मेरो दर सन्तानसँग यहाँको माटो बिरानो हुँदै छ । उनीहरू फर्केर यो भुइँमा के आउलान् र ? मान्छेको सबैभन्दा पहिलो पहिचान भनेकै उसको माटो र पैताला हो । पुर्खाले पसिना, आँसु र रगत बगाएको यो माटो, यहाँको बाटो, पहाड, पहरा, पानी, पँधेरा र यतै सर्वत्र फुलेका सपनालाई भेट्न, तिनलाई छुन भए पनि बेलायतदेखि मचाहिँ बाँचिन्जेल आइरहनेछु । उनको विक्षिप्त आवाजमा थर्थराएका कम्पन र आँखामा टिल्पिलाइरहेको आँसुले यो पल हाम्रो अन्तर्यलाई समेत बेहिसाब कोपर्छ ।

यता पुरस्कारको प्रमाणपत्रसँगै चार लाख दुई हजार दुई रुपैयाँ नगद राशिको मोटो थैली समातेर पुरस्कृत स्रष्टा साथै अतिथि वक्ताहरूले प्रशन्न मुद्रामा काङमाङ नरेश राईसहित पुरस्कार कोषलाई धन्यवाद दिएपछि कार्यक्रम समापन हुन्छ ।

चखियामा सबैतिरबाट अतिथिहरूलाई जम्मा गरेर यो हैसियतको समारोह आयोजना गर्न निःसन्देह सजिलो छैन । समारोहको चाँजो मिलाउने कुरा, मेस व्यवस्थापनको कुरा, अतिथिहरूलाई भिकाउने र बिदाइ गर्ने कुरा । घरीघरी काङमाङ नरेश निरासिन्छन् । तर, उनलाई आफ्ना कार्यकालभर साथ दिने वचनसहित टेम्के मैयुङ गाउँपालिका अध्यक्ष सरोज बस्नेत छेउमा उभिन्छन् ।

फन्को मार्दासम्म करिब ३४ हजार पाइला हिँडिएछ । र, यो पूरा गर्न सवा चार घण्टा लाग्यो ।

पैदलयात्रीलाई हदैको जोखिम

चक्रपथ परिक्रमा गर्न चाहने पैदलयात्रीको सुरक्षित आवतजावतलाई हदै बेवास्ता गरेको देखिन्छ । कोटेश्वर-कलंकी खण्डमा दायाँबायाँ अलि व्यवस्थित लाग्ने पैदलमार्ग देख्न सकिन्छ । तर, यो पनि कतैकतै टुटेको छ । कलंकीदेखि चाबहिलसम्मको लगभग पूरै सडकमा पैदलमार्ग छैन । न, सडक दायाँबायाँ पैदल लेनको रेखांकन नै छ । यसले पैदलयात्रालाई जोखिमपूर्ण बनाइदिएको छ ।

दिउँसो सवारी र बतास चल्दा उडेको धुलोले पैदलयात्रीलाई ढपक्कै ढाक्ने अवस्था छ । चक्रपथमा पैदलयात्रीलाई लक्षित गरेर विश्रामस्थल र शौचालय त बिरलै देख्न पाइन्छ । यसले पैदलयात्रीको न्यूनतम आधारभूत हक-अधिकार पनि कुण्ठित भएको छ ।

चक्रपथ परिक्रमाका क्रममा मास्क पनि लगाएको थिइनँ । शनिबार तुलनात्मक रूपमा न्यून चहलपहल र बिहानी हिँडाइमा धेरै धुलोधुवाँको सामना त गर्नुपरेन । तर, यसको असर भने देखियो । सायद धुलोधुवाँकै असर हुन सक्छ, दुई-तीन दिनसम्म घाँटी समायो ।

सहरी यातायातको हविगत : २७ किलोमिटर छिचोल्न दुई घण्टा ४० मिनेट !

पैदल परिक्रमा गरेपछि यसलाई शब्दचित्रमा उतार्ने सोचसहित फेरि बसको यात्रामा निस्किएँ । यसको उद्देश्य थियो, चक्रपथको सार्वजनिक परिवहनलाई नियाल्नु र अनुभूति लिनु । यसैका लागि सोमबार दिउँसो चक्रपथ परिक्रमा गर्ने बसमा चढें ।

बसमा चाहिँ गौशालाबाट दायाँतर्फ हुँदै अघि बढें । बसचालकलाई सोधेको थिएँ, पूरा चक्रपथ परिक्रमा गर्न कति समय लाग्ला ? उनले साढे दुईदेखि तीन घण्टा लाग्ने सुनाए । नभन्दै उनको अनुमान मिल्यो । दिउँसो १ बजे सुरु गरेको बसयात्रा सुरुकै बिन्दुमा फर्किन दुई घण्टा ४० मिनेट लाग्यो । जम्मा २७ किलोमिटर यात्राका लागि यो समय अत्यधिक हो । यति धिमा सार्वजनिक परिवहनले सहरी जीवन कसरी चलायमान हुन सक्ला, छक्क पार्ने विषय थियो ।

एकाध स्थानबाहेक जता पनि यात्रु चढाउन र ओराल्न मिल्ने, समयको पालना गर्नुनपर्ने । यति हदैको लचिलो सहरी ट्राफिक व्यवस्थापन सायदै कुनै आधुनिक सहरमा हुन्छ । सडकको हविगत उस्तै । यति अव्यवस्थामा सार्वजनिक सवारी प्रयोग गर्ने यात्रुको सास्ती कुन मिटरले नाप्ने होला ! लाग्छ, सवारीचालक, ट्राफिक, यात्रु सबै अभ्यस्त छन् ।

अन्तमा

सहर मानव सभ्यताको प्रतीक हो । पृथ्वीको कुनै भागमा मानव आवाद सुरु भएर उसको गतिविधि सघन रूपमा चलायमान भएपछि त्यो सहर बन्छ । जसका मानक अनेकौं हुने नै भए । सहरको परिभाषा धारण गर्नुअघि मानव आवादीले सयौं/हजारौं वर्षको इतिहास, संस्कृति, परम्पराबाट गुज्रिँदै आएको हुन्छ । यी सबैको सर्जक मानव हो ।

आफूले सिर्जना गरेको सहरलाई जीवन्त राख्ने पनि उसैले हो । यसर्थ, सहर कायम रहने गरी यसको अस्तित्वको ख्याल गर्ने दायित्व पनि मानवकै हो । सहरको सुन्दरता मूल रूपमा त्यो कति जीवन्त छ भन्ने विषयसँग सम्बन्धित हुन्छ । सहर जीवन्त हुन समग्र सहरवासीको भावनालाई कुन हदमा समेटेको छ भन्नेसँग जोडिन आउँछ । बहुरंगी सहरले बहुरंगी सहरवासीको भावनालाई कदर गरेको हुनुपर्छ । तर, आज जसरी सहरी पूर्वाधार निर्माण गरिएको छ, त्यसले सबै सहरवासीको आकांक्षा, आवश्यकता र भावलाई सम्बोधन गरेको छ त ? पक्कै छैन, जसको ज्वलन्त प्रमाण हो चक्रपथ । चक्रपथको पैदलयात्रापछि मेरो निष्कर्ष छ- चक्रपथमा पैदलयात्रीको अधिकार कुण्ठित छ ।

भ्याप्पै !



रवि मिश्र
@rabimishra



छोरामा अटिजम देखिएपछि जे भोगें

बालबालिकामा अटिजम देखिनु अपांगता होइन, एक अवस्था मात्र हो, जसलाई चौबिसै घण्टा हेरचाह गर्नुपर्छ



सन्दर्भ : अटिजम जागरण दिवस



● यज्ञप्रसाद पराजुली

यही अप्रिल २ तारिख अर्थात् अटिजम जागरण दिवस । 'अटिजम स्पेक्ट्रम डिसअर्डर'बारे जनचेतना जगाउन नेपालमा पनि हरेक वर्ष २ अप्रिलमा विश्व अटिजम जागरण दिवस मनाइन्छ ।

मन्टेश्वरी भर्ना गर्नुभन्दा पहिला हाम्रो छोरामा केही समस्या छ जस्तो पटक्कै लागेको थिएन । तीन वर्ष पुगेपछि घरनजिकैको मन्टेश्वरीमा भर्ना गरिदियौं । एक महिना, दुई महिना हुँदै ६ महिनासम्म पनि उसले केही सिक्न सकेन । छोराको आनिबानी र दैनिक क्रियाकलाप अरू साथीभन्दा केही फरकजस्तो लाग्यो । मानसिक समस्या हो कि जस्तो लागेर उसलाई अस्पताल पनि पुऱ्यायौं ।

गर्भावस्थामा बच्चाकी आमालाई केही स्थायी रोग थियो कि ? केही चोटपटक लागेको थियो कि, कुनै औषधि लिनुभएको थियो कि, घरमा अन्य परिवारमा कोही दीर्घरोगी छन् कि ? भनेर चिकित्सकले सोध्नुभयो । चिकित्सकले सोधेजस्ता कुनै पनि कारण या लक्षण थिएनन् । अन्य रोग लागेको अवस्थामा जस्तै अस्पताल गएपछि ठिक होला भन्ने हामीलाई लागेको थियो ।

परीक्षणपछि चिकित्सकले छोराको दिमागको विकास नभएको हो, यसलाई अटिजम भएको भनिन्छ । यो निको हुँदैन । तर, थेरापी गरेर बालकको व्यवहारमा केही सुधारचाहिँ ल्याउन सकिन्छ भन्नुभयो । अटिजम भन्ने पनि रोग हुन्छ भनेर हामीले कहिल्यै सुनेका थिएनौं । चिकित्सकका कुरा सुनेपछि हामी बुढाबुढी नै छाँगाबाट खसेझैं भयौं । विशेषज्ञको भनाइमा अटिजम रोग होइन, यो एक अवस्था मात्र हो । औषधि खाएर, शल्यक्रिया या अन्य थेरापी गरेर निको हुने बिमारीलाई रोग भनिन्छ । तर, अटिजम भएका बालबालिकालाई औषधि खुवाएर निको नहुने अनि जिन्दगीभरि अरूको सहारा चाहिने अवस्था झनै ठुलो महारोग होइन र ?

चिकित्सकले छोराको 'सिटी स्क्यान' गरेर रिपोर्ट देखाउनू भन्नुभयो । रिपोर्ट हेरेर उहाँले गैरीधारास्थित अटिजम केयर नेपाल नामक संस्थामा परामर्शका लागि सिफारिस गर्नुभयो । सोधखोज गर्दै सो संस्थामा पुग्यौं । परामर्शपछि थेरापी गर्दा केही राम्रो होला भन्ने आशा जाग्यो । सबैभन्दा पहिले आर्थिक अवस्थाकै कुरा आउने रहेछ । छोराको रेखदेख गर्न सहयोगी राख्न सक्ने अवस्था नभएका कारण छोराकै स्याहारमा दिनरात खटिनुपर्ने भयो । सन्तानभन्दा काम ठुलो होइन । तर, सन्तान हुर्काउनलाई फेरि पैसा नै चाहियो । हामीले दैनिक गर्दै आइरहेको काम बदल्नुपऱ्यो । दुईजनाले गर्दै आएको काम एकले छाड्नुपऱ्यो ।

बिहानदेखि साँझसम्म छोराको थेरापी गर्न धाउन थाल्यौं । अरूका बच्चालाई पनि अटिजम भएको देख्दा मेरो मात्र होइन, अरूका पनि रहेछन् भनेर चित्त बुझाउनुबाहेक अरू केही भएन । अटिजम भएका व्यक्तिले पनि विश्वमा धेरै चामत्कारिक काम गरेका छन् । वैज्ञानिक बनेका छन् भनेर थेरापिस्टले सम्झाउँदा कतै हाम्रो छोरो पनि त्यस्तै हुने लक्षण त होइन भनेर मनमनै आफैंलाई सान्त्वना पनि दियौं । उहाँहरूले हामीलाई अटिजम भएका बालबालिकासँग कसरी व्यवहार गर्नुपर्छ भनेर विभिन्न विधि र सामग्री प्रयोग गरेर सिकाउनुभयो । यसरी बोल्नु, यसरी भन्नु, यसरी गर्नु आदि कुराबाहेक औषधि दिने कुरा थिएन ।

छोराको अटिजम थेरापी गर्दा छोरा राम्रो हुन्छ भनेपछि पैसा खोज्नतिर लाग्यौं । खर्चको अभाव हुन थाल्यो । एकपटक वा अलि दिन गरेर मात्र सुधार आउने होइन रहेछ । निरन्तरको थेरापीले मात्रै यसमा बिस्तारै सुधार हुँदै जान्छ भनेर थेरापिस्टले भन्नुभयो । दुई महिना तालिम लिएपछि कुन स्कुलमा राख्ने भनेर सोधखोज गर्न थाल्यौं । अटिजम भएका बालबालिकालाई पढाउन छुट्टै शिक्षक, छुट्टै कक्षाकोठा, छुट्टै अध्यापन विधि र विद्यालय चाहिने रहेछ । अन्य विद्यार्थीसँगै राखेर पढाउन नसकिने रहेछ ।

खोज्दै जाँदा नौ-दशवटा त्यस्ता स्कुल फेला पाऱ्यौं, जुन विशेष स्कुल भनेर खुलेका थिए । जुन स्कुलमा गए पनि पहिला शुल्ककै कुरा हुन्थ्यो । तीमध्ये आधिकांश स्कुलमा भर्ना गर्न हाम्रो क्षमतालै भ्याएन । शुल्क सुन्दै आत्यास लाग्यो । यी खुलेका सेन्टर नर्सिङ होमजस्ता छन् । थेरापी, डे केयर, यातायात भनेर मासिक २५ हजारदेखि ६० हजारसम्म शुल्क लिने रहेछन् । क्लिनिकमा थेरापी गरेको पन्ध सयदेखि पच्चीस सयसम्म शुल्क लिने रहेछन् ।

यसरी कहिलेसम्म थेरापी गर्ने र कहिले सुधार हुने भन्ने कुनै निश्चित नहुने रहेछ । त्यस्ता सेन्टरमा सामान्य परिवारले त्यत्रो शुल्क तिर्न सक्दैन । तर, केही हुन्छ कि भन्ने आसमा बाध्यतामा परेर जसरी पनि तिर्नुपरेको छ । सरकारको भरथेग र बलियो प्रणालीको अभावमा अटिजम (बौद्धिक अपांगता) भएका सन्तान हुर्काउन सामान्य अवस्थाका अन्य सन्तानको भविष्यलाई दाउमा राख्नुपर्ने अवस्था छ ।

> बच्चा सानो हुन्जेल शुल्क तिर्दातिर्दा अभिभावक कंगाल भइसक्छ । कतै हाम्रो लगानी बालुवामा पानी हालेजस्तो त हुने होइन भन्ने पिर लागिरहन्छ । ठुलो भएर स्कुलले थेग्न नसक्ने भएपछि हाम्रो स्कुलमा नल्याउनू भन्छन् ।

बच्चा सानो हुन्जेल शुल्क तिर्दातिर्दा अभिभावक कंगाल भइसक्छ । कतै हाम्रो लगानी बालुवामा पानी हालेजस्तो त हुने होइन भन्ने पिर लागिरहन्छ । ठुलो भएर स्कुलले थेग्न नसक्ने भएपछि हाम्रो स्कुलमा नल्याउनू भन्छन् । सरकारी स्कुलमा अन्य बच्चालाई अप्ठ्यारो पर्छ । अरू अभिभावकले मान्दैनन् भनेर भर्ना लिँदैनन् ।

परिवारमा अपांगता भएको सदस्य हुनु भनेको परिवारलाई कुनै न कुनै किसिमले चिन्तित बनाउनु हो । अभिभावकले नै मानसिक सन्तुलन गुमाउने अवस्था आइपर्दा तिनको भविष्य के होला ? अटिजम भएको सन्तानको उपचार र थेरापी गर्दागर्दा अरू सन्तानलाई भनेजस्तो लाउनखान र शिक्षादीक्षा दिन समस्या पर्ने गरेको छ । यसले गर्दा घरका सबै सदस्य मानसिक समस्या पर्ने अवस्था छ । अपांगता भत्ताबाहेक सरकारीस्तरबाट हालसम्म त्यस्ता स्कुल खुलेको सुनेको देखेको छैन । पर्याप्त जानकारी नपाउँदा त्यही भत्ता पनि लिन नसकिरहेको अवस्था छ । कति अभिभावकले शुल्क तिर्न नसकेकै कारण अटिजम भएका बालबालिकालाई कोठामै थुनेर राख्नुपर्ने अवस्था छ । यस्ता बालबालिकाका लागि राज्यले नै नर्ससहितको सहयोगी उपलब्ध गरिदिने व्यवस्था भए केही राहत मिल्थ्यो कि ?

अटिजम भएका बालबालिकालाई निजी स्कुल तथा थेरापी सेन्टरले चर्को शुल्क लिइरहँदा पनि राज्य बेखबरजस्तै छ । आफ्नो पीडा जति सुनाए पनि कुनै सुनवाइ हुँदैन । पाठ्यपुस्तक, पोसाक, झोला आदि लिन छुट्टै शुल्क बुझाउनुपर्छ । एकपटक भर्ना गरेपछि पुनः वार्षिक शुल्क भनेर अलग रकम लिइन्छ । स्थानीय निकायमा गुनासो राख्दा आश्वासनबाहेक केही पाइँदैन । छोराको समस्याले हामी 'दीर्घरोगी'जस्तै भइसकेका छौं ।

सकिनसकी खर्च गरेअनुसार छोरामा केही सुधार भएको छ भनेर भन्न सक्ने अवस्था पनि छैन । यसरी कति वर्ष गरिरहने ? कतै भेन्टिलेटरमा राखेको बिरामीजस्तो पैसा पनि स्वाहा र बिरामी पनि जास्ताको तस्तै भनेजस्तै कति हामीलाई कसैले दुहुनो गाई बनाइरहेका त छैनन् ? भन्ने चिन्ता लागिरहन्छ ।

चिकित्सकको भनाइमा अटिजम अपांगता होइन, यो एक अवस्था मात्र हो । जसलाई चौबिसै घण्टा हेरचाह गर्नुपर्छ । जति उमेर बढ्दै जान्छ, त्यति नै उनीहरूको रेखदेख गर्न गाह्रो हुँदै जान्छ ।

आफ्नो सन्तान 'अपांग' भएका कारणबाट छरछिमेक र आफन्तकोमा बोलाएको ठाउँमा जान वञ्चित हुनुपर्ने अवस्था छ । घरमा अपांगता भएको व्यक्ति छ भने समाजले उसलाई गर्ने व्यवहार देखावटी रूपमा एकथरी हुने र वास्तविक रूपमा अर्कै हुने रहेछ । सामाजिक रीतिरिवाज र धार्मिक कार्यमा सरिक हुन नपाउँदा समाजबाट तिरस्कृत या अपहेलित भइन्छ कि भन्ने चिन्ताले सताइरहन्छ ।

अटिजमको पनि धेरै प्रकार हुने रहेछ । बालबालिकाको स्तरअनुसारका भौतिक सामग्री भएमा केही सिक्न सक्ने थिए कि ? हाल विशेष भनेर खोलिएका स्कुलमा चिप्लेटी, पिङ र अन्य केही खेल्ने सामग्री त हुन्छन् । तर, ती सबै उमेरका लागि हुँदैनन् । उनीहरूको मस्तिष्क विकास हुने खालका खेल सामग्री छैनन् । निजी प्रयासले यो उपलब्ध गराउन सकिँदैन । खासगरी बौद्धिक अपांगता, अटिजम भएका बालबालिकाप्रति सरोकारवाला निकायले चासो देखाएकै छैनन् ।

सरकारीस्तरबाट कम्तीमा पनि एक स्थानीय तहमा एउटा विशेष विद्यालय भइदियो भने हामीजस्ता निम्न वर्गका अभिभावकलाई केही राहत पुग्ने थियो । यसमा राज्य र स्थानीय निकायले ध्यान दिनु आवश्यक छ । यस्ता बालबालिकाका लागि सरकारीस्तरबाटै स्थापित पुनर्स्थापना केन्द्र भइदिने हो भने अभिभावक आफ्ना बालबालिकाको भविष्यप्रति ढुक्क हुन सक्ने थिए ।

आफ्ना बच्चा जेजस्तो अवस्थामा छन्, स्वीकार गर्नु नै पर्छ र बच्चामा असामान्यजस्तो लाग्ने लक्षण देखिएमा समयमै चिकित्सकको सल्लाह लिनु जरुरी छ । अटिजम भएका बालबालिकामा यस्ता लक्षण देखिन सक्छन् :

१. मानसिक रूपमा अशक्त हुनु, २. बोल्न र सुन्न समस्या ३. आँखा जुधाएर बोल्न नसक्नु, ४. छारेरोगको समस्या पनि देखिन सक्नु, ५. एक्लै खेल्न रुचाउनु, ६. ससानो कुरामा रिसाउनु, ७. माया गरेको, जिस्क्याएको नबुझ्नु, ८. एउटै कुरा दोहोऱ्याइरहनु, ९. राम्रोसँग खाना खान नजान्नु, १०. आफ्नो र अर्काको भनेर छुट्याउन नसक्नु ।

(पराजुली भूकम्प मापन केन्द्र, सुर्खेतका प्राविधिक हुन्)


विश्व राजनीति



● स्टेफेन ह्यारिङटन



● टिमोथी ग्राहम



डज अर्थात् विरोधी तह लगाउने ट्रम्पको हतियार

२०२३ को सुरुमा आफूमाथि फौजदारी अभियोग लगाइएदेखि नै ट्रम्पले विपक्षीलाई निसाना बनाउँदै आएका छन्

> वर्तमान प्रशासनअन्तर्गतको डिपार्टमेन्ट अफ जस्टिसले राष्ट्रपति ट्रम्पको पूर्वअनुसन्धान र अभियोजनमा संलग्न जोकोहीलाई बर्खास्त गर्ने वा किनारा लगाउने प्रयास गरिरहेको छ । धेरै वकिललाई बर्खास्त गरिसकेको छ । यो कार्य केवल प्रतिशोधात्मक मात्र छैन, बरु सम्भावित अनुसन्धानकर्तालाई धम्की दिन र ट्रम्प वा उनका सहयोगीले गरेको कुनै पनि कर्तुतलाई ढाकछोपका लागि गरिएको डिजाइन हो ।

ह्वाइट हाउसमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको पुनरागमनपछि धेरै उल्लेखनीय कार्यको पहिचान गर्न गाह्रो छ । यस्तै कार्यमध्ये युक्रेन युद्धमा हालैको रुसी अडानले धेरैको ध्यान तानेको छ । ट्रम्पले प्रशासन सम्हालेपछि भएका धेरै गतिविधिमा उनको भूमिका भए पनि कतिपय जानकारीमै छैनन् । यस्तै, एउटा विषय हो, डिपार्टमेन्ट अफ जस्टिस (डज) माथिको राजनीतीकरण ।

लामो समयसम्मको कार्यसञ्चालनमा डज राजनीतिक रूपमा तटस्थ रहेको नजिर रहे पनि पछिल्ला घटनाक्रमले त्यो परम्पराबाट नाटकीय रूपमा विच्छेद भएको संकेत गरेका छन् । महत्त्वपूर्ण विषय त इतिहासभरका अधिनायकवादी सरकारले प्रयोग गरेको प्रचार रणनीति अनुसरण गरेर ट्रम्पले करिब दुई वर्षदेखि यसलाई औचित्य दिन आधार तयार पार्दै आएका थिए ।

यसमा ट्रम्पका गलत कार्यमाथि अनुसन्धान गरिरहेका विशेष वकिल ज्याक स्मिथको कार्य पनि समावेश छ, जुन अहिले रोकिएको छ । वर्तमान प्रशासनले अहिलेका राष्ट्रपतिको पूर्वअनुसन्धान र अभियोजनमा संलग्न जोकोहीलाई बर्खास्त गर्ने वा किनारा लगाउने प्रयास गरिरहेको छ । धेरै वकिललाई बर्खास्त गरिसकेको छ, किनभने 'कार्यवाहक महान्यायाधिवक्ताले यी अधिकारीले राष्ट्रपतिको एजेन्डालाई इमानदारितापूर्वक कार्यान्वयनमा सहयोग गर्ने विश्वास गर्दैनन् ।' यो कार्य केवल प्रतिशोधात्मक मात्र होइन, बरु सम्भावित अनुसन्धानकर्तालाई धम्की दिन र ट्रम्प वा उनका सहयोगीले गरेको कुनै पनि कर्तुतको थप जाँच गर्नुअघि दुईपटक सोच्न बाध्य पार्ने डिजाइन हो । न्युयोर्कका मेयर एरिक एडम्सविरुद्ध लागेको भ्रष्टाचारको आरोप खारेज गर्न पनि डजको प्रयास उल्लेखनीय छ । आधिकारिक कारण यो हो कि आरोपको पछि लाग्दा एडम्स पुनः निर्वाचित हुने प्रयासमा बाधा पुग्न सक्छ ।

यद्यपि, वास्तविकतामा एडम्सलाई अहिले प्रशासनसँग सम्झौता तोडेको आरोप लगाइएको छ । उनी ट्रम्पको आप्रवासन नियन्त्रण नीतिलाई सहयोग गर्न राजी भएका थिए, जसको बदलामा उनीविरुद्ध लगाइएका आरोप फिर्ता लिइएको थियो (यद्यपि, आरोप पूर्ण रूपमा खारेज भइसकेको छैन) । एडम्सले अदलबदलको अस्तित्वलाई अस्वीकार गरे ।

समस्या यति गहिरो थियो कि न्युयोर्कको दक्षिणी काउन्टीका दुई वकिलले खुला भ्रष्टाचारमा मूकदर्शक भएर बस्नुभन्दा त्यसको विरोधमा राजीनामा दिने निर्णय गरे । सम्पूर्ण परिदृश्यले सन् १९७३ को 'स्याटर्डे नाइट नरसंहार'को भयानक सम्झना दिलाउँछ, जतिबेला राष्ट्रपति रिचर्ड निक्सनले वाटरगेट काण्डको अनुसन्धान गर्ने विशेष अभियोजकलाई बर्खास्त गर्न महान्यायाधिवक्ता इलियट रिचर्डसनलाई आदेश दिएका थिए । तर, निक्सनलाई सहयोग गर्नुभन्दा महान्यायाधिवक्ता रिचर्डसन र उपमहान्यायाधिवक्ता विलियम रकलेस दुवैले राजीनामा दिए । निक्सनको कदमले नाटकीय रूपमा आफ्नै पतन निम्त्यायो । यस्तै, ट्रम्पको मनोमानीपूर्ण कार्यप्रति अहिले मुस्किलले प्रश्न तेर्स्याइएको छ । आखिर किन ? यसको जवाफ 'नरसंहारका लागि उक्साउने' भनेर चिनिने प्रचार प्रविधिमा निहित छ, जहाँ गलत कार्य ढाकछोप गर्न आफ्ना विरोधीलाई झुटो आरोप लगाइन्छ । एक कानुनविद्ले व्याख्या गरेझैं अहिले डिपार्टमेन्ट अफ जस्टिसलाई विगतमा रुवान्डाको नरसंहारमा जस्तै घृणा फैलाउन प्रयोग गरिएको छ । त्यहाँ, कथित विश्वसनीय व्यक्तिले तुत्सीहरूले हुतुको 'नरसंहार' गर्न चाहेको दाबी गरे । तर, दुर्भाग्यवश यसले ठिकविपरीत परिस्थिति ल्याउन मद्दत गऱ्यो ।

यस्तै, फेब्रुअरी २०२२ मा रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले युक्रेनी सरकारले दोनबास क्षेत्रमा रुसीभाषीविरुद्ध नरसंहार गरेको आरोप लगाए । यो आधारहीन आरोपले युक्रेनमा आक्रमण गर्ने अवसर प्रदान गऱ्यो, जसले युक्रेनी नागरिकमाथि रुसले अन्धाधुन्ध गोलाबारी गऱ्यो ।

हाम्रो विचारमा ट्रम्पले यो प्रचार प्रविधि व्यापक ढंगले प्रयोग गर्दै आएका छन्, जब सन् २०२३ को सुरुमा जालसाजीसँग सम्बन्धित ३४ वटा गम्भीर विषयमा पहिलोपटक उनीमाथि फौजदारी अभियोग लगाइएको थियो । उनी र उनका समर्थकले राष्ट्रपति जो बाइडेनको नेतृत्वमा डिपार्टमेन्ट अफ जस्टिसलाई आफूविरुद्ध 'हतियार' बनाइएको आरोप लगाए । ट्रम्पले आफूमाथि लगाइएका आरोप र त्यसपछि लगाइएका अभियोग राजनीतिक रूपमा प्रेरित भएको दाबी गरे । कंग्रेस (संसद्)मा उनले ती दाबी दोहोऱ्याइरहे । रिपब्लिकनबाट निर्वाचित धेरै नेताले पनि त्यो विषयलाई समर्थन गरे । दाबीले उनलाई पूर्ण रूपमा पक्षपाती बनेको पुष्टि गर्छ ।

वास्तवमा तथ्य सरल थिए । अभियोजकहरू निश्चित थिए कि मुद्दा अगाडि बढाउन पर्याप्त प्रमाण छन्, जसमा ट्रम्पले अवैध रूपमा आफ्नो मार-ए-लागो निवासमा कागजात राखेको र तिनीहरूलाई पुनः प्राप्त गर्ने प्रयासमा अवरोध पुऱ्याएको प्रमाण समावेश छ । कानुनी प्रणालीमा कोही पनि 'कानुनभन्दा माथि' हुँदैन । यसको अर्थ यदि पर्याप्त प्रमाण छ भने पूर्वराष्ट्रपतिहरूमाथि पनि मुद्दा चलाउन सकिन्छ । तैपनि, ट्रम्पको पक्षपाती डोजको आरोपले कथित राजनीतिक प्रतिशोधको वैध अनुसन्धानलाई पूर्ण रूपमा पुनः आकार दियो । यसले प्रभावकारी रूपमा उनका पछिल्ला निर्णयलाई जायज ठहर गऱ्यो ।

प्रतिद्वन्द्वीलाई तह लगाउने हतियार

'यदि विरोधीले मलाई आपराधिक अभियोग लगाए भने म त्यसलाई खारेज गरिदिन्छु,' सन् २०२३ को अन्त्यमा ट्रम्पले स्पष्ट पारेका थिए । उनले आफ्ना राजनीतिक प्रतिद्वन्द्वीहरूलाई पछ्याउन डज प्रयोग गर्लान् त भनेर सोधिएको प्रश्नमा आफूले केवल 'खेल मैदानलाई समथल गरेको' जवाफ दिएका थिए । संक्षेपमा भन्नुपर्दा राजनीतीकरण गरिएको जस्टिस डिपार्टमेन्टलाई ट्रम्पले आफ्ना कर्तुत ढाकछोप गर्न र विरोधीलाई तह लगाउने हतियारको रूपमा प्रयोग नगर्लान् भन्न सकिँदैन ।

यो रणनीति लामो समयदेखिको अधिनायकवादी नेताहरूको खेल हो । हन्ना ऐरेन्ड्ट र ज्याक एलुलजस्ता विद्वान्ले कसरी अधिनायकवादी शासकले जनतालाई भ्रमित नबनाउँदासम्म झुट दोहोऱ्याउँछन् भन्ने विषय प्रस्ट पारेका छन् । धेरै मानिसमा एकपटक प्रणाली पहिले नै भ्रष्ट र अविश्वसनीय छ भन्ने नजिर स्थापित भइसकेपछि उनीहरू वास्तविक शुद्धीकरण (जस्तै डज अधिकारीहरूलाई बर्खास्त गर्ने)बाट स्तब्ध हुने सम्भावना कम हुन्छ । यस्ता रणनीतिको प्रभाव अमेरिकामा मात्र नभई अन्तर्राष्ट्रिय रूपमा फैलिएको छ ।

इतिहासले हामीलाई यस प्रकारको सार्वजनिक बहसको जोखिमबारे पुकार्छ । यसले संस्थाहरू र उदार लोकतान्त्रिक प्रक्रियामाथिको विश्वासलाई कमजोर बनाउँछ, नेताहरूलाई अझ कमजोर पार्ने मार्गप्रशस्त गर्छ र भ्रष्टाचार उन्मूलन गर्ने नाममा प्रणालीलाई भ्रष्ट बनाउँछ । अन्ततः सबैभन्दा राम्रो औषधि भनेको जागरुकता हो । खराब रणनीतिको पर्दाफास गरेर हामी गलत सूचनाबाट जोगिन, कानुनी शासनको रक्षा र नेताहरूलाई जवाफदेही बनाउन सक्छौं ।

ह्यारिङटन क्विन्सल्यान्ड युनिभर्सिटी अफ टेक्नोलोजीका स्कुल अफ कम्युनिकेसनका सहप्राध्यापक हुन् भने ग्राहम सोही विश्वविद्यालयका डिजिटल मिडियाका सहप्राध्यापक हुन् ।
*(द कन्भर्सेसनबाट **सुभाष शर्माले** गरेको अनुवाद)*

अर्थ पत्रिका

नयाँ पत्रिका
शनिबार १६ चैत ०८१

घोषणा भएको एक दशकसम्म अलपत्र दुई औद्योगिक क्षेत्र

८१३ बिघाको मोतीपुर औद्योगिक क्षेत्रको बल्ल सीमांकन

चैतभित्रै प्रतिवेदन दिएर आगामी वर्षदेखि निर्माण थाल्ने योजना





● **बाबुराम पन्त**, अध्यक्ष, औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड

चैतभित्रै रेखांकनको काम सकेर प्रतिवेदन बनाउन सक्यौं भने आगामी आर्थिक वर्षको बजेटमा आवश्यक रकम विनियोजन गर्न सहज हुनेछ। सरोकारवाला पक्षसँगको छलफलबाट औद्योगिक क्षेत्र बन्ने र स्थानीय जनता पनि विस्थापित हुनुनपर्ने गरी जग्गाको सीमांकन गर्ने कार्य जारी छ।

बुटवलमा **विष्णुप्रसाद घिमिरे**

०७२ मा घोषणा भएको रुपन्देहीस्थित मोतीपुर औद्योगिक क्षेत्रमा रहेको आठ सय १३ बिघा जमिनको सीमांकन बल्ल सुरु भएको छ। ०७७ मा शिलान्यास भएको औद्योगिक क्षेत्रको निर्माण सुरु भएर कहिले टुंगिने भन्ने अझै यकिन छैन। औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडका अध्यक्ष बाबुराम पन्तको नेतृत्वमा यसै साताबाट जग्गाको यकिन गर्न सीमांकनको काम सुरु भएको छ। चैतभित्रै सीमांकनको काम सकेर प्रतिवेदन दिने योजना रहेको उनले बताए।


'मोतीपुर औद्योगिक क्षेत्रसँग रहेको जग्गाको क्षेत्रफल यकिन गरेर चैतभित्रै प्रतिवेदन दिन सकियो भने आगामी आर्थिक वर्ष ०८२/८३ मै बजेट राख्न सजिलो हुन्छ,' उनले भने, 'त्यसैले स्थानीयवासी र जनप्रतिनिधिको संलग्नतामा सीमांकनको कामलाई तीव्रता दिइरहेका छौं।' तिलोत्तमा, शुद्धोधन र सियारीसम्मको तिनाउ नदीको पश्चिमतर्फसम्म पर्ने आठ सय १३ बिघा जग्गा १४ असार ०७३ मै औद्योगिक क्षेत्रको स्वामित्वमा आए पनि अहिले स्थानीयले भोगचलन गरेर आफ्नो हक-दाबी गरेका कारण जग्गा संरक्षण गर्न कठिनाइ भइरहेको हो।

बुटवल उपमहानगरपालिका प्रमुख खेलराज पाण्डेले स्थानीयलाई चित्त बुझ्ने गरी विवाद रहेको बुटवल- १७ रानीगन्जबाट जग्गाको सीमांकन सुरु भएको जानकारी दिए। औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडका अध्यक्ष बाबुराम पन्तले स्थानीयवासी र जनप्रतिनिधिको रोहवरमा औद्योगिक क्षेत्र पनि बन्ने र स्थानीय जनता पनि विस्थापित नहुने जग्गाको सीमांकन थालिएको जानकारी दिए। रानीगन्ज क्षेत्रमा स्थानीयका चारवटा घर भेटिएपछि कसरी व्यवस्थापन गर्ने भनेर छलफल भइरहेको उनले बताए। औद्योगिक क्षेत्रमा कुल दुई सय ५० बिघा क्षेत्रफलमा बस्ती, वन, विद्यालयको जग्गा, मठ-मन्दिरलगायत भएको स्थानीयले दाबी गर्दै आएका छन्।

नौबस्ता औद्योगिक क्षेत्रमा थालियो सडकको ट्र्याक निर्माण

०८२ मा सक्ने लक्ष्य, तर हालसम्म डिपिआर मात्रै





● **पदम ओली**, महाप्रबन्धक, औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड

यहाँ उद्योग चलाउन तीन सयभन्दा बढी उद्योगीले आशयपत्र बुझाएका छन्। स्थानीयको विरोध र राजनीतिक दलको उदासीनताका कारण समयमा काम गर्न नसक्दा आउन चाहने उद्योग अन्यत्र गएका छन्। नौबस्तामा औद्योगिक क्षेत्रमा दुई सय ५२ बिघामा खुम्चिएको छ।

बाँकेमा **विश्वराज पछ्लडङ्गा**

१ चैत ०७२ मा बैजनाथ गाउँपालिका- २ र ३ मा नौबस्ता औद्योगिक क्षेत्र निर्माण गर्ने सरकारको निर्णय थियो। सो निर्णय कार्यान्वयन गर्न २७ जेठ ०७३ मा सो क्षेत्रको पाँच सय ३८ बिघा जग्गा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको स्वामित्वमा ल्याइएको थियो। त्यसयता औद्योगिक क्षेत्र निर्माणका लागि चासो नदिँदा संरचना निर्माणको प्रगति शून्य छ भने औद्योगिक प्रयोजनका लागि लिइएको जग्गामध्ये दुई सय ५२ बिघा मिचिएको छ।

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडका महाप्रबन्धक पदम ओली नेतृत्वको टोलीले गत सोमबार नौबस्ता पुगेर सडकको ट्र्याक खोल्ने काम सुरु गरेको छ। 'बैजनाथ गाउँपालिकाले गरेको निर्णयअनुसार औद्योगिक क्षेत्रको परिपरि सडकको ट्र्याक खोल्ने काम सुरु भएको छ। ट्र्याक खोल्ने काम सकिएलगत्तै तारबार गर्ने योजना छ,' उनले भने। उनका अनुसार ५५.६ बिघामा बस्ती, नौ बिघामा कारागार, २० बिघामा सशस्त्र प्रहरीको तालिम केन्द्र र बौद्ध गुम्बाले केही जमिन ओगटेको उनले जानकारी दिए।

नौबस्तामा आउन तीन सयभन्दा बढी उद्योगले आशयपत्र बुझाए पनि पूर्वाधार तयार नहुँदा अनुमति दिन नसकेको उनले बताए।

'यहाँ निर्माणमा ढिलाइ भएका कारण उद्योगहरू अन्यत्र स्थापना भइरहेका छन्,' उनले भने। प्रशासन, जनप्रतिनिधि, औद्योगिक क्षेत्र र स्थानीयलगायत सरोकारवाला पक्षसँगको छलफलपछि निर्माणको काम सुरु भएको बैजनाथ गाउँपालिकाका अध्यक्ष प्रकाशबहादुर शाहले बताए। 'केही स्थानीयले विरोध गरेका छन्, तर काम रोकिँदैन,' उनले भने। ०७७ देखि सुरु गरेर पाँच वर्षभित्र निर्माण सक्ने लक्ष्य राखिए पनि हालसम्म डिपिआरबाहेक केही काम भएको छैन। अहिले जग्गा नै घटेकाले पुनः डिपिआर गर्नुपर्ने आवश्यकता छ।

चारैतिर आगो लागेपछि त्रिभुवन विमानस्थल ४० मिनेट बन्द

आन्तरिक उडान पोखरा, भैरहवालगायत गन्तव्यमा डाइभर्ट, अन्तर्राष्ट्रिय विमान भने एक घण्टाभन्दा बढी आकाशमै होल्ड गराएर अवतरण

नयाँ पत्रिका

शुक्रबार आन्दोलनमा उत्रिएका राजावादीको समूहले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलपरिसरका संरचनामा आगजनी गर्दा ४० मिनेट उडान-अवतरण ठप्प भएको छ भने केही विमानस्थललाई आकाशमै होल्डसमेत गराइएको थियो।

विमानस्थलवरिपरि धुवाँको मुस्लो निस्किएपछि करिब ४० मिनेट उडान बन्द गर्नुपरेको त्रिभुवन विमानस्थलका महाप्रबन्धक जगन्नाथ निरौलाले जानकारी दिए। प्रदर्शनकारीले कोटेश्वरस्थित जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी र तीनकुनेका निजी भवनमा आगो लगाएका थिए। त्यस्तै, कोटेश्वर चोकदेखि तीनकुने हुँदै विमानस्थल प्रवेशद्वारसम्म टायर बालेर प्रदर्शन गरेका थिए। जसकारण कालो धुवाँले आकाश डाकेर विमान उडान र अवतरणमा असर पुगेको निरौलाले जानकारी दिए।

प्रदर्शनकारीले अवतरण गर्न लागेका विमानमा असर गर्न सक्ने भयले केही समय सेवा नै रोकेको नागरिक उड्डयन प्राधिकरण (क्यान)का सहप्रवक्ता ज्ञानेन्द्र भुलले जानकारी दिए। 'अवतरण गर्न लागेका जहाजहरू कोटेश्वर क्षेत्रमा जमिनबाट निकै नजिक हुन्छन्,' उनले भने, 'अर्कोतिर वरिपरि लगाइएको आगोबाट धुवाँको मुस्लो निस्किँदा भिजिबिलिटी कम भयो र आगलागीको पनि डर भयो।'



विमानस्थल पूरै बन्द गरिँदा आन्तरिक तथा अन्तर्राष्ट्रिय उडान-अवतरण प्रभावित हुन पुगेको उनले बताए। काठमाडौं आइरहेका सातवटा आन्तरिक विमान पोखरा, भैरहवालगायत ठाउँमा डाइभर्ट भएको विमानस्थलका प्रवक्ता रिञ्जी शेर्पाले बताए। 'अन्तर्राष्ट्रिय उडानहरू डाइभर्ट गर्नु त परेन, तर आकाशमा घण्टौं फन्को मारेर साँझपख अवतरण गराइयो,' उनले भने।

हार्दिक श्रद्धाञ्जली



जन्मः
वि.सं. २००२/०६/२७

स्वर्गारोहणः
वि.सं. २०८१/१२/०५

स्व. धन प्रकाश घिमिरे

यस कम्पनीका कर्मचारी श्री पुकार घिमिरेज्यूको
पूजनिय पिता धन प्रकाश घिमिरेको स्वर्गारोहण
भएको खबरले हामी मर्माहित भएका छौं।
यस दुःखद् घडीमा समवेदना प्रकट गर्दै शोकाकुल
परिवारजनमा धैर्यधारण गर्न सक्ने शक्ति प्रदान गरून्
भनि इश्वरसँग प्रार्थना गर्दछौं।
साथै दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै
हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं।

NIMB ACE CAPITAL LIMITED
Managing Shares. Managing Investments.
wholly owned subsidiary of
NIMB
NEPAL INVESTMENT MEGA BANK LTD.

साल्ट ट्रेडिङको ५८औं वार्षिक साधारणसभा



काठमाडौं/ साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडको ५८औं वार्षिक साधारणसभा शुक्रबार सम्पन्न भएको छ। सञ्चालक समितिका अध्यक्ष प्रदीपलाल श्रेष्ठको सभापतित्वमा सम्पन्न साधारणसभाले आर्थिक वर्ष ०८०/८१ को वार्षिक प्रतिवेदन, वित्तीय अवस्थाको विवरण, नाफा नोक्सानीको विवरण, नगद प्रवाह विवरणका साथै लेखानीतिउपर छलफल गरी पारित गऱ्यो।

कर्पोरेसनको कारोबारको विवरण प्रस्तुत गर्दै अध्यक्ष श्रेष्ठले ०८०/८१ को कारोबार समष्टिगतमा मूल्यांकन गरी व्यापारिक कारोबार सन्तोषजनक रहेको र वित्तीय क्षेत्रको लगानी पनि उपलब्धिमूलक रहेको अवगत गराउँदै, नुन, खाद्यवस्तु, रासायनिक मल तथा अन्य वस्तुको कारोबार गरिएको बताए।

साल्टले सेयरधनीलाई दश प्रतिशतका दरले नगद लाभांश प्रदान गर्ने निर्णय गरेको छ। साथै, सुनकोशी नदीलगायतमा आएको भीषण बाढीले जनधनको व्यापक क्षति पुऱ्याएकोमा प्रधानमन्त्री दैवी प्रकोप उद्धार राहत कोषमा कर्पोरेसन र कर्मचारीका तर्फबाट समेत ६० लाख रूपैयाँ उपलब्ध गराएको थियो।

प्रदेशका योजना पालिकाले गऱ्यो फिर्ता

बुढीगंगा गाउँपालिकाले सदरमुकाम जोड्ने बाटोका लागि मागेको बजेट पाएन, तर कार्यकर्तामार्फत खर्च गर्ने सर्तमा प्रदेशले आवश्यक नभएको बजेट पठाएपछि फर्काईदियो २२ योजना

बाजुरामा **गगन अयडी**

सुदूरपश्चिम प्रदेशले आव ०८१/८२ को बजेटबाट ससर्त अनुदानमार्फत खर्च गर्ने गरी दिएको २२ योजना बुढीगंगा नगरपालिकाले फिर्ता पठाएको छ।

प्रमुख प्रशासकीय अधिकृत नरेन्द्र नाथले नगर कार्यपालिकाको बैठकले प्रदेशबाट हस्तान्तरण भएका २२ वटा आयोजना कार्यान्वयन गर्न नसकिने निर्णय गरी फिर्ता गरेको जानकारी दिए। उपभोक्ता समितिमार्फत योजना कार्यान्वयन गर्नुपर्ने सर्त राखेर पठाएका योजना नगरपालिकाले फिर्ता गरिदिएको हो। पालिकाले १० लाखभन्दा ठुला लागतका योजना सार्वजनिक खरिद ऐनअनुसार बोलपत्रमार्फत कार्यान्वयन गरिहेको, तर प्रदेशले पठाएका साना योजना उपभोक्ता समितिमार्फत गर्नुपर्ने गरी स्वीकृति भएपछि कार्यान्वयन गर्नुको सट्टा फिर्ता गरेको प्रमुख प्रशासकीय अधिकृत नाथले जानकारी दिए।

'प्रदेशबाट आएका योजना ठेक्कामार्फत कार्यान्वयन गर्न स्थानीयले नमानेपछि पालिकाले सबै योजना फिर्ता गर्ने निर्णय लिएको हो,' नगरप्रमुख रामबहादुर बानियाँले भने।

पालिकाले फर्काइदिएको सशक्त अनुदानका २२ योजना

- घाँस/अम्रिसो खेती : ९० हजार
- तरकारी खेती : ९ लाख
- कृषि प्रवर्द्धन : ३५ लाख
- अनुगमन खर्च : ३० हजार
- सिँचाइ कार्यक्रम : १२ लाख
- खानेपानी मुहान संरक्षण : ८ लाख
- पोखरी रिचार्ज : १० लाख
- मन्दिर निर्माण : ७ लाख
- पदमार्ग : १५ लाख
- पदमार्ग : १० लाख
- पहिरो नियन्त्रण : १० लाख
- पहिरो नियन्त्रण : १० लाख
- पदमार्ग : १० लाख
- पार्क निर्माण : १५ लाख
- पहिरो नियन्त्रण : १० लाख
- पुष्पवाटिका पार्क : १० लाख
- पर्यटन मार्ग : १० लाख
- नदी तटबन्धन : ५ लाख
- पुष्पवाटिका पार्क : ५ लाख
- पदमार्ग : ५ लाख
- पहिरो नियन्त्रण : १० लाख
- पदमार्ग : ८ लाख

मोटरसाइकल हरायो

मिति २०८१/१२/१३ गते १८:३० बजेको समयमा का.जि.का.म.न.पा. वडा नं. ८ तिलगंगा स्थित पार्किङ गरि राखेको मेरो KTM DUKE 250 सि.सि. Ceramic White रंगको मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला।

नाम: रोहित कुमार भगत
मो.सा.नं.: बा.प्र.०२-०५४ प १८८३
चेसिस नं.: MD2JPEXF3RNO25461
इन्जिन नं.: R-962-23483
सम्पर्क न.: 9813777184

Bagmati Province Government
Ministry of Water Supply, Energy and Irrigation
Water Resource and Irrigation Development Division Office
Dhadingbeshi, Dhading

Notice of Intention to Award the Contract

Published Date: March 29, 2025 (2081/12/16)

Pursuant to Clause 27 (2) of Public Procurement Act, 2063 this is to notify all the concerned of our intention to award the contract for Construction of Jhagadiya Sikre Kulo Irrigation Sub Project, Dhunibeshi 9, Dhading and Construction of Sopyang Khola Ghattako Kulo Irrigation Sub Project, Thakre Rural Municipality 8, Dhading to the respective lowest evaluated substantially responsive bidder as presented in the table below. It is also to notify that all concerned have Seven (7) days from the date of this notification to (i) request for a debriefing in relation to the evaluation of your Bid; and/or (ii) submit a bidding-related complaint in relation to the intention for award of contract, in accordance with the procedures specified in ITB 46.1 of the respective Bidding Document.

SN	Name of Contract and Contract ID	Lowest Evaluated substantially Responsive Bidder	Accepted Contract Amount (with VAT and PS)
1	Construction of Jhagadiya Sikre Kulo Irrigation sub Project, Dhunibeshi Municipality-9, Dhading (Contract No: IMEP/Dhading/B-1a/CW-47)	Deepak and Diya Builders Pvt.Ltd., Tarkeshwor-21, Kathmandu	NPR 1,04,24,957.70
2	Construction of Sopyang Khola Ghattako Kulo Irrigation Sub Project, Thakre Rural Municipality-8, Dhading (Contract No: IMEP/Dhading/B-1a/CW-48)	Deepak and Diya Builders Pvt.Ltd., Tarkeshwor-21, Kathmandu	NPR 95,48,948.26

Division Chief

कृषि विकास बैंक लिमिटेड, शाखा बुढानीलकण्ठको डाँक बढाबढबाट पुराना सम्पत्ति सामानहरू लिलाम बिक्रीसम्बन्धी सूचना

सूचना प्रकाशित मिति : २०८१।१२।१६ गते

यस कार्यालयमा प्रयोगमा नआएका सम्पत्तिहरू जस्तै कार्यालय सामान तथा फर्निचरलगायतका सामानहरू जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बढाबढ गरी बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशन भएको मितिले १६औं दिनमा यस शाखा कार्यालय, बुढानीलकण्ठ, काठमाडौंको प्राङ्गणमा तपसिल बमोजिमको शर्त अधिनमा रही लिलाम बढाबढबाट बिक्री हुने भएकोले लिलाम बढाबढमा भाग लिई सामान खरिद गर्न इच्छुक व्यक्ति, फर्म वा कम्पनीको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

शर्तहरू

१. लिलाम बिक्री भई आफूले खरिद गरेका सम्पूर्ण सामानहरू एकमुष्ठ रुपमा उठाई लैजानु पर्नेछ।
२. सूचना प्रकाशित भएको १६औं दिन अर्थात् २०८१ चैत्र ३१ गते आइतबारको दिनको १.०० देखि १.३० बजेसम्म यस कार्यालयको प्राङ्गणमा लिलाम बढाबढ गरिनेछ।
३. उक्त सामानहरूको न्यूनतम मूल्यांकित रकम रु.३२,२७४ (अक्षरेपी बत्तीस हजार दुई सय चौहत्तर रुपियाँ मात्र) भ्याटबाहेक कायम गरिएको छ।
४. बढाबढमा सहभागी हुन इच्छुक फर्म, कम्पनी वा व्यक्तिले धरौटीवापत् १० प्रतिशत रकम सोही दिन नगदै जम्मा गर्नुपर्नेछ।
५. लिलाम बढाबढ गरी सकारेको रकम ७ (सात) दिनभित्र चुक्ता हुने गरी जम्मा गर्नुपर्नेछ। रकम जम्मा भए पछि ३ (तीन) दिनभित्र सम्पूर्ण सामानहरू अनिवार्य रुपमा उठाई लैजानु पर्नेछ। अन्यथा निजको धरौटी जफत गरी दोस्रो बढी कबोल गर्नेलाई बिक्री गरिनेछ। निजले समेत तोकिएको समयमा सामान नउठाएमा तेस्रोलाई बिक्री बितरण गरिनेछ। सोमा बैंक जिम्मेवारी हुने छैन।
६. लिलाम बोलेको रकममा सामान दिने नदिने अधिकार यस बैंकमा निहित रहनेछ।
७. पहिलो बढी रकम बोलेको व्यक्तिले डाँक बोलेको रकममा उक्त सामानहरू नउठाएमा दोस्रो बढी डाँक बढाबढ बोल्ने व्यक्तिले सामानहरू लैजान सक्नेछ। यसरी दोश्रो व्यक्तिलाई बिक्री गरिएमा पहिलो व्यक्तिको धरौटी फिर्ता हुने छैन।
८. लिलाम बिक्री गरिने सामानहरू हेर्न चाहेमा कार्यालय समयभित्र हेर्न सकिनेछ।
९. बिक्री मूल्य अर्थात् कबोल रकममा १३ प्रतिशतले भ्याट लाग्नेछ। सो रकमसमेत खरिदकर्ताले बुझाउनु पर्नेछ।
१०. यस सम्बन्धमा थप बुझ्न वा जानकारी लिन चाहेमा फोन नं. ०१-४३७६६३४ मा सम्पर्क गर्न सकिनेछ।

कृषि बिकास बैंक लि.
शाखा कार्यालय
बुढानीलकण्ठ, काठमाडौं

■ तेस्रो नेपाल सुपर लिग आजदेखि

सबै टोलीलाई विदेशी खेलाडीको भर

आगामी १३ वैशाखसम्म चल्ने प्रतियोगितामा गोलरक्षक, डिफेन्डर, मिडफिल्डर, स्ट्राइकर र प्रशिक्षकसम्म विदेशीलाई प्राथमिकता

रमेश सुवेदी / नयाँ पत्रिका

तेस्रो नेपाल सुपर लिग (एनएसएल) फ्रेन्चाइज लिग शनिबारदेखि दशरथ रंगशालामा सुरु हुँदै छ। उद्घाटन खेलमा पूर्वच्याम्पियनहरू ललितपुर सिटी एफसी र काठमाडौं रेजर्सबिच खेल हुनेछ। एनएसएलमा लिगदेखि फाइनलसम्म २५ खेल हुनेछन्, जसमा चार प्ले अफ खेल समावेश छ। एनएसएल लिग तेस्रो संस्करणसम्म आइपुग्दा धेरै उतारचढाव देखिन्छ।

पहिलो संस्करण ०७७ सालमा भएको थियो। कोभिड-१९ को समयमा सुरु भएको लिग ०८० मंसिरमा दोस्रोपटक आयोजना भयो। सहिद स्मारक 'ए' डिभिजन क्लब मनाङ मर्स्याङ्दी र श्री स्टारसहित आठ टोलीले खेलाडी अनुबन्धको कारण देखाउँदै असन्तुष्टि जनाउँदा दोस्रो संस्करणमा तीनपटकसम्म मिति सारियो।



दोस्रो संस्करणमा अखिल नेपाल फुटबल संघ (एन्फा) र 'ए' डिभिजन क्लबबिच आपसी खिचातानीका कारण लिगको मिति हेरफेर भएको थियो। एनएसएलको व्यवस्थापनले यसलाई दीर्घकालीन योजना बनाउन नसक्दा प्रत्येक संस्करणमा कुनै न कुनै एक टोलीले नाम फिर्ता लिइरहेको छ। पहिलो संस्करण खेलको विराटनगर सिटीले दोस्रोमा भाग नै लिएन। दोस्रो संस्करणमा वीरगन्ज युनाइटेड, स्पोर्टिङ इलाम मेची र झापा एफसी जोडिए। वीरगन्ज र इलामले तेस्रो संस्करण खेलेनन्। १३ वैशाखसम्म आयोजना हुने नेपाल सुपर लिगका विशेषत यस्ता छन्।

टिमका दुई करोडसम्म लगानी

तेस्रो संस्करणमा सहभागी सातै फ्रेन्चाइज टोलीले उपाधि जित्न खेल्ने बताएका छन्। उनीहरूले टोली बलियो बनाउने क्रममा आकर्षक लगानी गरेका छन्। उपाधि जित्ने लक्ष्यका साथ थोरैमा एक करोड र धेरैमा दुई करोडसम्म लगानी गरेको क्लबहरूको भनाइ छ। 'हामीले उपाधि जित्ने लक्ष्यका साथ खेलाडी अनुबन्ध गर्नेदेखि टोली तयार पारेका छौं,' सहभागी क्लबका पदाधिकारीले भने। शुक्रबार भएको प्रिपोस्टमा सबै टोलीका प्रशिक्षकले उपाधि जित्ने दाबी गरेका छन्। काठमाडौं र ललितपुरले उपाधि जित्ने योजनाअनुसार तयारी गरेका छन्।

विदेशी खेलाडीमै केन्द्रित

सहिद स्मारक 'ए' डिभिजन नियमित नहुनु र निरन्तर प्रतियोगिता आयोजना नहुँदा यो दुई वर्षभित्र युवादेखि सिनियर खेलाडी विदेश भासिएका छन्। यसमध्ये चार दर्जन खेलाडी अस्ट्रेलिया पलायन भएका छन्। खेलाडी एकपछि अर्को गरी विदेश पलायन हुँदा यसको प्रत्यक्ष असर एनएसएलमा परेको छ। आयोजकले सहभागी टोलीसँग छलफल गर्दै विदेशी खेलाडीको कोटा बढाएको छ। अघिल्लो संस्करणसम्म एक टोलीले कप्तीमा चार खेलाडी अनुबन्ध गर्न दिइएको थियो। यसपटक भने ६ जना विदेशी खेलाडी एक टोलीमा भित्रिएका छन्। फुटबलको फ्रेन्चाइज लिगमा एएफसीले ६ विदेशी रहँदा कम्तीमा एक खेलाडी एसियन हुनुपर्ने भनेको छ। मैदानमा पाँच खेलाडी हुनेछन्। झापाले शुक्रबारै एकैपटक पाँच विदेशी खेलाडी अनुबन्ध गरेको छ। झापाबाहेक अरू टोलीमा ६ विदेशी खेलाडी छन्। सहभागी फ्रेन्चाइज टोलीले टिम बलियो बनाउन गोलरक्षक, रक्षक, मिडफिल्डर र स्ट्राइकरलाई प्राथमिकतामा राखेका छन्।

सातमध्ये ६ टोलीमा विदेशी गोलरक्षक

मैदानमा गोलरक्षकको भूमिका महत्त्वपूर्ण मानिन्छ। गोलरक्षक उत्कृष्ट हुँदा डिफेन्डर ढुक्क हुन्छन्। फुटबलमा कम्तीमा गोलरक्षक राम्रो हुनुपर्ने मान्यता छ। तेस्रो संस्करणमा सहभागी सातमध्ये ६ टोलीले नेपालका गोलरक्षकलाई त्यति पत्याएनन्। उनीहरूले गोलपोस्टको जिम्मेवारी विदेशीलाई दिएका छन्। केवल बुटवलले मात्र गोलरक्षकको जिम्मेवारी स्वदेशीलाई दिएको छ। राष्ट्रिय टोलीको अनुभव बटुलेका टिकेन्द्र थापा र दीप कार्कीले बुटवलको गोलपोस्ट सम्हाल्नेछन। यसबाहेक अन्य ६ टोलीका गोलरक्षक विदेशी हुनेछन्। नेपाली टोलीका कप्तान र गोलरक्षक किरणकुमार लिम्बू एनएसएलमा छैनन्। उनले आफ्नो मूल्य अत्यधिक बढाउँदा सहभागी टोलीले विदेशीलाई नै विश्वास गरेका छन्। घरेलु फुटबलका राम्रा गोलरक्षक विशाल सुनार र विकेश कुथुजस्ता अक्सनमै बिकेनन्। राष्ट्रिय टोलीबाट खेलिसकेका विशाल श्रेष्ठ, अभिषेक बरालसँगै युवा गोलरक्षक जियारथ शेख, प्रदीप भण्डारी, एन्जल श्रेष्ठ, कृशल मोक्तान यसपटक बेन्चमै सीमित हुनेछन्।

विदेशी प्रशिक्षकको दबदबा

सहभागी फ्रेन्चाइजले यसपटक स्ट्राइकर र गोलरक्षकबाहेक प्रशिक्षकमा पनि विदेशीलाई विश्वास गरेका छन्। सातमध्ये चार टोलीले प्रो लाइसेन्सप्राप्त प्रशिक्षकलाई अनुबन्ध गरेका छन्। नेपालका प्रशिक्षकसँग प्रो लाइसेन्स छैन। पूर्वच्याम्पियन काठमाडौं र ललितपुर, दुईपटकको उपविजेता धनगढी र बुटवलले विदेशी प्रशिक्षकलाई पहिलो प्राथमिकतामा राखेका छन्। ललितपुरले इंग्लिस प्रशिक्षक साइमन ग्रेस, काठमाडौंले बेल्जियमका अनुभवी प्याट्रिक डे विल्डे र धनगढीले स्पेनका जुआन मानुएल मार्टिनेजलाई प्रशिक्षकको जिम्मेवारी दिएको छ। बुटवलले भुटानका चर्चित प्रशिक्षक पुष्पलाल शर्मालाई नयाँ सिजनमा भित्र्याएको छ। स्वदेशी प्रशिक्षकमा नवीन न्यौपाने एफसी चितवन, प्रवेश कटुवाल झापा एफसी र सुमन श्रेष्ठ पोखरा थन्डर्सको प्रशिक्षणमा देखिनेछन्। यी नेपाली प्रशिक्षकसँग एएफसी 'ए' लाइसेन्स छन्।

मार्कीमा पाँच नयाँ अनुहार

सातमध्ये पाँच टोलीले यसपटक मार्की खेलाडीमा नयाँ चयन गरेका छन्। साबिक विजेता ललितपुरले मार्कीमा अनन्त तामाङलाई निरन्तरता दिएको छ। अञ्जन विष्टलाई चितवनले मार्की बनाएको छ। अञ्जन लगातार तीन संस्करणमा फरक टोलीमा देखिनेछन्। उनी पहिलोमा ललितपुर र दोस्रोमा झापा एफसीमा थिए। दक्षिण कोरियाको एकेडेमीमा हुर्किएका मनीष डाँगी बुटवल-लुम्बिनी, समीर तामाङ पोखरामा, कृतिशरत्न छुन्जू धनगढी एफसी, रोहन कार्की काठमाडौं रेजर्स र लाकेन लिम्बू झापा एफसीसँग मार्की खेलाडीमा जोडिएका हुन्।

■ कस्ता छन् टिमका खेलाडी

ललितपुर सिटी एफसी

गोलरक्षक : जेफ्री बाल्दुस, समित श्रेष्ठ, यतीराज गुरुङ, **डिफेन्डर** : अनन्त तामाङ, सनिश श्रेष्ठ, योगेश गुरुङ, अभिषेक वाइबा, मनोज राई, पवन शाही, पापे, **मिडफिल्डर** : मणिकुमार लामा, सन्तोष खत्री, नवीन लामा, सुदीप गुरुङ, आदित्य शाक्य, जोनाथान कान्टिलाना, पापा केबे, **स्ट्राइकर** : इमोह इजेकेल, केरेभेन्स बेलफोर्ट, दीपेश घले, अनिश क्षेत्री, अनमोल भण्डारी

काठमाडौं रेजर्स

गोलरक्षक : अभिषेक बराल, मौसम मगर, चिएख गुए, **डिफेन्डर** : कुलदीप कार्की, कमल श्रेष्ठ, दिवाकर चौधरी, अन्जल महर्जन, पुष्कर खड्का, पेम्बा दोर्जी, बेकरी माने, अलिजोन अलिजोनोभ, **मिडफिल्डर** : रोहन कार्की, दीपेश गुरुङ, दिनेश हेन्जन, भरत चौधरी, भिनसेन्ट कोजिएलो, **स्ट्राइकर** : जिलेस्पीजंग कार्की, आशिष चापागाईं, बुया टुरेय, अमादोउ डिओप

धनगढी एफसी

गोलरक्षक : जियारथ शेख, सन्तोष महत, वालिद विरोउ, **डिफेन्डर** : देवेन्द्र तामाङ, पासाङ लामा, रनदीप पौडेल, अशोक खवास, अमृत श्रेष्ठ, जोर्ज कासेइडो, **मिडफिल्डर** : कृतिशरत्न छुन्जू, विवेक पौडेल, रामचन्द्र वाजी, प्रशान्त लक्षम, मोहमेद एल जाउनी, **स्ट्राइकर** : जर्ज प्रिन्स कार्की, रोहन खड्गी, हरिशराज भट्ट, ओलावाले आफिज ओलाडिपो, अहमद हिजाजी, सर्जियो बार्बोजा

एफसी चितवन

गोलरक्षक : विशाल श्रेष्ठ, प्रदीप भण्डारी, अमल नाइट, **डिफेन्डर** : अभिषेक लिम्बू, सुमित श्रेष्ठ, छिरिङ गुरुङ, विवेक गुरुङ, शिशिर चौधरी, विशाल स्याङ्तान, जोनाथन क्याम्पबेल, **मिडफिल्डर** : रोशन रानामगर, मिलन राई, शिशिर लेखी, जय गुरुङ, नीरज चौधरी, नोदिरबेक माभलोनोभ, टोरिक जेबरिन, **स्ट्राइकर** : अन्जन विष्ट, मलिक युसुफ, भिक्टोर मानसारे

बुटवल-लुम्बिनी

गोलरक्षक : दीप कार्की, टिकेन्द्र थापा, **डिफेन्डर** : सरोज तामाङ, विमल पाण्डे, सन्दीप कार्की, सुमन श्रेष्ठ, निङसाङ लिम्बू, खेमराज श्रेष्ठ, नाथन माभिला, एडम मिट्टर, **मिडफिल्डर** : मनीष डाँगी, एरिक विष्ट, प्रदीप लामा, फत्तेमान घले, फ्रांक रोस, केन्टा होरा, **स्ट्राइकर** : नीराजन धामी, मनीष सेढाईं, इजेकेल तामारा, फिलिपी अजा

झापा एफसी

गोलरक्षक : अन्जल श्रेष्ठ, नेमान्जा लेमाजिक, **डिफेन्डर** : छिरिङ लामा, आशिष गुरुङ, दीपेश धिमाल, दीपेन्द्र विक, अजामात अब्दुलेभ, सिर्जन दानी, अभिषेक गुरुङ, **मिडफिल्डर** : लाकेन लिम्बू, रोशन पहारी, अभिनाश स्याङ्तान, आरोन थापा, मुहम्मद इसाएभ, आर्यन राई, श्याम मुर्मु, **स्ट्राइकर** : उज्ज्वल राई, प्रवीण बस्नेत, लाजार अर्सिक, अल्हाजी गेरो, आर्यन राई

पोखरा थन्डर्स

गोलरक्षक : कृशल मोक्तान, **डिफेन्डर** : पदम भट्टराई, एकराज बुढाथोकी, नरेन्द्र चौधरी, गौरव श्रेष्ठ, सकल रेग्मी, प्रवीणकुमार सुनार, **मिडफिल्डर** : आयुष घलान, सुरजज्यू ठकुरी, विशाल तामाङ, चन्दन दास, बिएस्सी न्याक्वे, साइददोस्तोन जाफारोभ, **स्ट्राइकर** : समीर तामाङ, नवयुग श्रेष्ठ, स्टेफेन समीर विनोड, माइकल इजेजी चुक्वुबुन्ना

अस्ट्रेलियन स्टुअर्ट बने क्रिकेटका मुख्य प्रशिक्षक

नयाँ पत्रिका

नेपाल क्रिकेट संघ (क्यान)ले शुक्रबार नेपाली राष्ट्रिय पुरुष टोलीका मुख्य प्रशिक्षकमा अस्ट्रेलियन स्टुअर्टलाई नियुक्त गरेको छ। क्यानको भैरहवामा बसेको केन्द्रीय कार्यसमितिको बैठकले अस्ट्रेलियन नागरिक स्टुअर्टलाई दुई वर्षका लागि मुख्य प्रशिक्षक बनाएको हो। 'क्यानले दुई वर्षका लागि अस्ट्रेलियन प्रशिक्षक स्टुअर्टलाई प्रशिक्षक नियुक्त गरेको छ,' क्यानका प्रवक्ता छुम्बी लामाले बताए।

यसअघि क्यानले मुख्य प्रशिक्षक बन्न ७० जनाबाट १० जनाको सर्टलिस्ट बनाएको थियो। गत माघमा मोन्टी देसाईसँगको दुई वर्षको सम्झौता नवीकरण नगरेपछि नेपाली टोली मुख्य प्रशिक्षकविहीन थियो। क्यानले गत ३ फागुनमा मुख्य प्रशिक्षकका लागि दर्खास्त आह्वान गरेको थियो। नेपालका मुख्य प्रशिक्षक हुन कम्तीमा एसोसिएट राष्ट्रको खेल गतिविधिबारे जानकार हुनुपर्ने क्यानको भनाइ थियो। इसिबी वा क्रिकेट अस्ट्रेलियाको लेभल-३ वा सोसरहको मान्यता तथा पाँच वर्षको प्रशिक्षण अनुभव भएको व्यक्ति हुनुपर्ने थियो।



१० जनाको सर्टलिस्टमा अस्ट्रेलियाकै ह्वाटमोर, भारतका वासिम जाफर तथा वेस्ट इन्डिजका शिवनारायण चन्द्रपाउलले पनि आवेदन दिएका थिए। क्यानले यसै साता सर्टलिस्टमा परेका प्रशिक्षकसँग अन्तर्वार्ता लिएको हो। यसमध्येबाट अस्ट्रेलियाका स्टुअर्टलाई मुख्य प्रशिक्षकको जिम्मेवारी क्यानले दिएको प्रवक्ता छुम्बीले बताए।

अस्ट्रेलियाबाट एक मात्र टेस्टको अनुभव

नेपालका नवनियुक्त मुख्य प्रशिक्षक स्टुअर्टले अस्ट्रेलियाबाट एकपटक मात्र टेस्ट खेल खेलेका छन्। उनले सन् १९९५ मा श्रीलंकाविरुद्ध टेस्टमा डेब्यु गरेका थिए। करिअरकै एक मात्र टेस्टमा उनले ५४ रनको नटआउट इनिङ्स खेले। एकदिवसीय खेलमा अस्ट्रेलियाबाट ५४ खेलमा एक शतक तथा सात अर्धशतकको मद्दतमा उनले एक हजार दुई सय ३७ रन बनाए। पहिलो श्रेणीमा उनले तीन सय ६७ खेलमा २७ हजार ८० रन बटुले। उनले अन्तिमपटक अस्ट्रेलियाबाट सन् १९९९ मा इंग्ल्यान्डविरुद्ध खेलेका थिए। उनीसँग इन्डियन प्रिमियर लिगमा चेन्नई सुपर किंग्सलाई प्रशिक्षण दिएको अनुभव छ। सन् २०११ को एकदिवसीय विश्वकपपछि उनलाई श्रीलंकाले कार्यवाहक प्रशिक्षक बनाएको थियो। त्यसपछि उनले बंगलादेशको क्रिकेट हेरेका थिए।

प्रचण्ड कप भलिबल हुने

काठमाडौं/ अखिल नेपाल खेलकुद महासंघले गणतन्त्र दिवसका अवसरमा 'प्रचण्ड कप' भलिबल प्रतियोगिताको आयोजना गर्ने भएको छ। महासंघले राष्ट्रियस्तरको पुरुष तथा महिला भलिबल प्रतियोगिता आयोजना गर्ने निर्णय गरेको हो। महासंघका अनुसार प्रतियोगिता आगामी वर्षको जेठमा काठमाडौंमा हुनेछ।

महासंघको केन्द्रीय समितिको विस्तारित बैठकले प्रतियोगिता आयोजना गर्ने निर्णय गरेको महासचिव अञ्जन धमलाले जानकारी दिए। 'प्रचण्ड नेतृत्व सरकारले नै भलिबललाई राष्ट्रिय खेल घोषणा गरेकाले गणतन्त्र दिवसका अवसरमा यसै खेलको प्रतियोगिता आयोजना गर्न लागिएको हो,' धमलाले भने, 'तत्कालीन प्रचण्ड सरकारले भलिबललाई राष्ट्रिय खेल घोषणा गरेको थियो। त्यसैले पनि जेठमा नै भलिबल प्रतियोगिता गर्न लागेका हौं।'

महासंघले योङ ब्रदर्स तेक्वान्दो क्लबसँगको सहकार्य गर्दै एसियन मार्सल आर्ट्स् गेम्स तथा खेलकुद महोत्सव गर्नेछ। मार्सल आर्ट्स् गेम्स आगामी २ देखि ३ जेठमा हुनेछ। महासंघका अध्यक्ष शिव कोइरालाले नेपाली खेलकुदको विकास, विस्तारसँगै अन्तर्राष्ट्रिय क्षेत्रमा सफलता दिलाउन मद्दत पुग्ने गरी काम गर्न सदैव अग्रसर हुने बताए। महासंघको बैठकले १०औं राष्ट्रिय खेलकुद प्रतियोगिता तोकिएको समयमै आयोजना गर्न सरकारलाई सचेत गराउँदै खेलाडीको खेल्न पाउने अधिकारबाट वञ्चित नगराउन आग्रह गरेको छ।

■ आइपिएल-२०२५

चेन्नईमाथि बेंग्लोर ५० रनले विजयी

एजेन्सी

इन्डियन प्रिमियर लिग (आइपिएल)मा शुक्रबार रोयल्स च्यालेन्जर्स बेंग्लोरले चेन्नई सुपर किंग्समाथि ५० रनको सानदार जित निकालेको छ। चेन्नईको घरेलु मैदानमा पहिलो ब्याटिङ गरेको बेंग्लोरले २० ओभरमा सात विकेट गुमाएर एक सय ९६ रन जोडेको थियो। प्रत्युत्तरमा चेन्नईले २० ओभरमा आठ विकेटको क्षतिमा एक सय ४६ रन जोड्दा बेंग्लोरले बाजी मारेको हो। चेन्नईको घरेलु मैदानमा बेंग्लोरले आइपिएल इतिहासमा दोस्रोपटक जित निकालेको हो।

बेंग्लोरले चालू आइपिएलमा लगातार दोस्रो जित निकालेको हो। चेन्नईले दुई खेलमा समान एक जित र हार सामना गरेको छ। चेन्नईका पूर्वकप्तान महेन्द्रसिंह धोनीले आइपिएलमा टोलीका लागि सर्वाधिक व्यक्तिगत रनको कीर्तिमान बनाएका छन्। उनले बंग्लोरविरुद्ध १६ बलमा तीन चौका र दुई छक्काको सहयोगमा ३० रन जोडेका थिए। यससँगै उनले सुरेश रैनाले चेन्नईका लागि राखेको व्यक्तिगत चार हजार ६ सय ८७ रनको रेकर्ड तोडे। धोनीले चार हजार ६ सय ९९ रन बनाए।



बेंग्लोरको पहिलो सर्वाधिक ५१ रनको ३२ बलमा चार छक्का प्रहार गरे। ओपनर फिल साल्टले १६ बलमा ३२ रन तथा विराट कोहलीले ३० बलमा ३१ रन बटुले। मध्यक्रमका टिम डेमिडले आठ बलमा तीन छक्का र एक चौका प्रहार गरी २२ रन बटुले। बलिङमा चेन्नईका लागि नुर अहमादले ३६ रनमा तीन विकेट लिए। लक्ष्य पछ्याएको इनिङ्समा चेन्नईका ओपनर रचिन रविन्द्राले ३१ बलमा ४१ रन जोडेका थिए। यसैगरी, शिव दुबेले १९ रन तथा रवीन्द्र जडेजाले २५ रनको योगदान दिए।

ब्याटिङमा रजत पतिदारले योगदान दिए। उनले चौका र तीन

■ प्रधानमन्त्री कपको फाइनल आज

पुलिसविरुद्ध बदला लिने आर्मीलाई अवसर

गत संस्करणको फाइनलमा पुलिससँग व्यहोरेको हारको बदला लिने तयारीमा आर्मी

श्रीलोचन राजोपाध्याय / नयाँ पत्रिका

आठौं संस्करणको प्रधानमन्त्री एकदिवसीय क्रिकेट (पिएम कप) प्रतियोगिताको उपाधिका लागि शनिबार दुई विभागीय टोलीबिच प्रतिस्पर्धा हुँदै छ। सिद्धार्थ क्रिकेट मैदानमा नेपाल पुलिस र त्रिभुवन आर्मी क्लब फाइनलमा आमने-सामने हुन लागेको हो। पुलिस उपाधि रक्षा गर्ने योजनामा रहँदा आर्मी भने दोस्रोपटक च्याम्पियन दाउमा देखिन्छ। गत वर्ष फाइनलमा आर्मीलाई हराउँदै पुलिसले उपाधि हात पारेको थियो।

पुलिसका दीपेन्द्रसिंह ऐरी र आर्मीका विनोद भण्डारीले कप्तानी गर्नेछन्। आर्मीले सन् २०२०/०२१ को संस्करण पहिलोपटक जितेको थियो। पुलिसले पहिलोपटक सन् २०१९ मा उपाधि हात पारेको थियो। प्रधानमन्त्री कपको सर्वाधिक विजेता नेपाल एपिएफ क्लब हो। एपिएफले तीनपटक उपाधिमाथि कब्जा जमाएको छ। आर्मीलाई हराउँदै पुलिसले एपिएफको रेकर्ड बराबरी गर्नेछ। आर्मीले फाइनल जित्दा पुलिसको रेकर्ड बराबरी गर्नेछ।

कप्तान ऐरीले खेलाडीहरूले फाइनलमा रणनीतिअनुसार खेल्ने बताए। 'अघिल्लो खेलमा पराजित भए पनि उपाधि भिडन्तमा आर्मीलाई चुनौती दिन तयारी अवस्था हामी छौं,' ऐरीले भने।



भैरहवामा हुने उपाधि भिडन्तमा जोकोही विजेता भए पनि रेकर्ड बन्ने निश्चित छ। नेपाल क्रिकेट संघले मोफसलका विभिन्न तीन सहरमा प्रतियोगिता आयोजना गर्दा पुलिसले लगातार आठ खेल जित्दै सुरुमै फाइनल स्थान सुरक्षित गरेको थियो। लिगको अन्तिम खेलमा पुलिसमाथि सानदार जित निकाली आर्मीले अन्तिम दुई स्थान सुरक्षित गऱ्यो। पुलिस र आर्मीबिचको अन्तिम खेलको नतिजाको प्रतीक्षा एपिएफले गरेको थियो। आर्मी भारी अन्तरले पराजित हुँदा एपिएफले पुलिसविरुद्ध उपाधि भिडन्त पक्का गर्ने थियो।

तर, आर्मीले एपिएफको चौथोपटक फाइनल खेल्ने योजना बिथोल्दै दोस्रोपटक अन्तिम दुई स्थान पक्का गऱ्यो। यद्यपि, आर्मीलाई फाइनल त्यति सहज हुनेछैन। उपाधि भिडन्तमा पुगिसक्दा पुलिसले आर्मीविरुद्धको खेलमा कमजोर प्रदर्शन गऱ्यो। फाइनलअघि शुक्रबार भैरहवामा आयोजित प्रिपोस्ट म्याचमा पुलिस र आर्मीका कप्तानहरूले उपाधि जित्ने दाबी गर्दै एक-आपसमा भिड्न तयार भएको जनाए।

'हामी पुनः एकपटक ट्रफी उचाल्न तयार छौं,' आर्मीका कप्तान भण्डारीले भने, 'सबै खेलाडी फर्ममा छन्।' पुलिसका

खेलाडी उत्साहित

क्यानले पछिल्लो समय महत्त्वपूर्ण राष्ट्रियस्तरका प्रतियोगिता केन्द्रमा नभएर मोफसलमा गरिरहेको छ। क्यानका संस्थापक अध्यक्ष जयकुमारनाथ शाहको स्मृतिमा आयोजित जय ट्रफी पनि यसपटक मोफसलमै भयो। यसैगरी, महिला राष्ट्रिय प्रधानमन्त्री कप सुदूरपश्चिममा भएको थियो। अब पुरुषतर्फको पिएम कप मोफसलका तीन सहरमा आयोजित भए। पुलिस र आर्मीका कप्तानले मोफसलमा प्रतियोगिता आयोजना हुँदा क्रिकेटमा खेलाडी उत्साहित भएको बताएका छन्।

'काठमाडौंबाहिर सबै खेल हुँदा क्रिकेटमा नयाँ उत्साह ल्याएको छ, विगतको भन्दा यसपटक भैरहवाको मैदानको पिच राम्रो रह्यो,' भण्डारीले भने, 'नियमित काठमाडौंमा खेल्दा र बाहिरका मैदानमा खेल्दा केही फरक परे पनि आर्मी प्रतिस्पर्धाका लागि तयारी छ।' पुलिसका कप्तान ऐरीले क्रिकेट विकेन्द्रीकृत भएर विकास भएकोमा खुसी देखाए। 'जय ट्रफी भयो, पिएम कप यसपटक लुम्बिनी प्रदेशमा भयो,' उनले भने, 'यस्ता धेरै खेल बाहिर भएका छन्, क्रिकेटको विकास र विकेन्द्रीकृत भइरहेको छ।'

उद्योग, व्यवसाय गरौं र आत्मनिर्भर बनौं

- स्थानीय श्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौ र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मनिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

ड्रग्स एडिक्सन र शरीरका बिषालु केमिकलहरूबाट मुक्त हुन सम्पर्क गर्नुहोस् ।

नार्कोनन् नेपाल
दक्षिण एसियाको एक मात्र अमेरीकी शाखा

बसन्त राज कुँवर
रिह्याब स्पेसलिष्ट

पुजा कुँवर
प्युरीफीकेसन स्पेसलिष्ट





यदी तपाईको शरीरमा ड्रग्स, एन्टीबायोटिक्स, रेडिएसन, केमो लगाएत तरकारी र प्रदूषणबाट आएका बिषालु केमिकलहरू छन् भने "New Life Detoxification" कार्यक्रम अन्तर्गतको "Purification" गर्नुहोस् ।

विस्तृत जानकारीको लागि, सम्पर्क गर्नुहोस्

९८५१० ३७५२९, ९८५१० ४८४३२, ०१ ४६५००५४, ०१ ३७७१२४

बुढानिलकण्ठ, काठमाडौं, नेपाल, narcononnepal@gmail.com

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com